जोखिम मुक्त, दिगो र भरपर्दो बचत ऋण सहकारी अभियान

# बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९

**REPORT PRESENTED TO**
**FIRST ANNUAL CONSULTATION MEETING**
**2021/022**

इमेल : stfn2077@gmail.com

नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७९११८०

# सञ्चालन समिति



**श्री परितोष पौड्याल**
अध्यक्ष



**श्री टोलराज उपाध्याय**
सदस्य



**श्री दिलिप कुमार गौतम**
सदस्य



**श्री राधिका गौतम**
सदस्य



**श्री रामकाजी खाईजू**
सदस्य



**श्री अनिलराज पौडेल**
सदस्य



**श्री चित्राकुमारी थाम्सुहाङ्ग**
सदस्य



**श्री ज्ञानबहादुर तामाङ**
सदस्य



**श्री ज्ञानू पौड्याल**
सदस्य



**श्री प्रकाश बन्जारा**
सदस्य



**श्री प्रकाश प्रसाद पोखरेल**
सदस्य सचिव

## बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९

(मिति : २०७९ पुस २२ गते)

## ANNUAL REPORT OF STABILIZATION FUND
## FY–2021/022

बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७९११८०, इमेल : stfn2077@gmail.com

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

आवद्धता

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

प. स. च. नं. ७२/०७९/८०

मिति: २०७९ मंसिर २७ गते

श्री अध्यक्षज्यू
बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषमा
योगदान गर्ने सम्पूर्ण सहकारी संघ संस्थाहरु

**विषय: वार्षिक परामर्श बैठकमा सहभागी हुने बारे ।**

प्रस्तुत विषयमा बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष सञ्चालन समितिको २०७९ मंसिर ८ गते बसेको १५औं बैठकको निर्णय अनुसार बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ४४ बमोजिम सम्पन्न गर्नुपर्ने कोषको वार्षिक परामर्श बैठक तपशिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको संस्थाबाट अध्यक्ष वा प्रतिनिधि मध्ये एक जना उक्त बैठकमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**तपशिल**
मिति: २०७९ पौष २२ गते, शुक्रबार
समय: बिहानको ८:०० बजे
स्थान: अल्फा बिटा हाउस, बुद्धनगर, काठमाडौं

**वार्षिक परामर्श बैठकमा छलफल गरिने प्रस्तावहरु :-**

१. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल तथा अनुमोदन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, कार्यक्रम र बजेट छलफल तथा अनुमोदन सम्बन्धमा ।
३. आ.व. २०७८/०७९ को बाह्य लेखापरीक्षण प्रतिवेदन छलफल तथा स्वीकृत सम्बन्धमा ।
४. कोषको आन्तरिक निर्देशिका छलफल तथा पारित गर्ने सम्बन्धमा ।
५. निर्णय पुस्तिका प्रमाणीकरणका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६. विविध

...........................
प्रकाश प्रसाद पोखरेल
सदस्य सचिव

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७९४५६९, Email : nefscun@nefscun.org.np
www.nefscun.org.np

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल:sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं



पत्र संख्या :- २०७९/८०
चलानी नं.:- ६७५.

## शुभकामना-सन्देश ।

सहकारी संस्थामा सदस्यहरुले गरेको बचतको सुरक्षण गर्ने र सदस्यहरुलाई ढुक्क भएर सहकारी संस्थासँग कारोबार गर्ने गराउनका लागि स्थिरीकरण कोष एक भरपर्दो आधार हो । सहकारी संस्थाको गुणात्मक विकास र बचत तथा ऋण सहकारी संस्थाहरुको सञ्चालनमा रहेको जोखिम व्यवस्थापनका लागि विभिन्न कोषहरु खडा गर्नुपर्ने कानुनी व्यवस्था अनुरुप स्थिरीकरण कोष सञ्चालनमा ल्याइएको हो । स्थिरीकरण कोषको बार्षिक परामर्श बैठकमा प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

नेपालको संविधानले राष्ट्रिय अर्थतन्त्रको आधारको रुपमा सरकारी, निजी र सहकारी क्षेत्रको योगदानलाई समेटी यी तीन वटै क्षेत्रबाट समग्र राष्ट्रिय अर्थतन्त्रको परिचालनहुने परिकल्पना गरेको छ । बचत तथा ऋण सञ्चालनमा देखा पर्न सक्ने जोखिमको विद्यमानतालाई न्यूनिकरण गर्न संस्थागत रुपमा स्थिरीकरण कोषको आवश्यकता पर्दछ । सहकारी क्षेत्रले विशेष गरी ग्रामिण क्षेत्रका नागरिकहरुको आर्थिक- सामाजिक रुपान्तरण मार्फत जीवनस्तर सुधार गर्ने खालका जनमुखी कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । संस्था सञ्चालनका क्रममा आउन सक्ने संभावित जोखिमबाट संस्थालाई संरक्षण गर्न बचत तथा ऋण सहकारी संस्थाहरुको योगदानमा स्थिरीकरण कोष सञ्चालनमा आएको हो । कोषको स्थायीत्व र सफलताको लागि बचत तथा ऋण सहकारी संस्थाहरुको कारोवारलाई व्यवस्थित रुपमा सुसञ्चालन गर्न/गराउन र सदस्यको बचत पूर्ण सुरक्षणको प्रत्याभूति गराउन तथा आम नागरिकको सहकारीता प्रतिको आस्था र विश्वास कायम राख्न सहकारी अभियानमा संलग्न अभियन्ताहरुले विशेष जोड दिनु पर्ने देखिन्छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. वार्षिक साधारणसभामा प्राप्त सुझाव समेतको आधारमा वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको लागि आवश्यक सामाग्री सङ्कलन, लेखन र सम्पादनमा संलग्न नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का पदाधिकारी र कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । जय सहकारी !

मिति: २०७९।०९।२२ गते

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

स.वि.द.नं.: ३१० / ०४९ / ०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

# शुभकामना

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनिकरणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्र सहितको तीन खम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा विदितै छ । कोभिड-१९ को महामारीको समयमा सहकारी अभियानको महत्व थप उजागर भएको छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य भएको हुँदा सहकारीका छाता संघहरुबाट सरोकारवाला निकायहरु बीच समन्वयकारी भूमिका निर्वाह हुँदै आएको छ । यसलाई अझ प्रभावकारी बनाउँदै सहकारी अभियानको प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा राखेका छौं ।

संयुक्त राष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेको दीगो विकास लक्ष्यका उद्देश्यहरु हासिल गर्नका लागि समेत सहकारीका वित्तीय तथा गैरवित्तीय विविध कार्यक्रमहरुलाई गुणस्तरीय, मर्यादित, दीगो र विश्वासिलो बनाउन आवश्यक छ ।

यसै सन्दर्भमा बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापनाले सहकारीलाई सुशासनमा संचालन गर्न र दीगो बनाउन योगदान पुग्ने विश्वास लिएका छौं । यहि मिति २०७९ पुस २२ गते काठमाडौंमा बस्ने कोषको बार्षिक परामर्श बैठक बस्न लागेको थाह पाउँदा खुशी लागेको छ ।

साथै, कोषमा आवद्ध सहकारी संस्थाहरुको कारोबारलाई व्यवस्थित रुपमा सुसञ्चालन गर्न/गराउन महत्वपूर्ण योगदान दिने विश्वास लिएका छौं । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप बचत तथा ऋण सहकारी संस्थाहरुलाई आवद्ध गर्दै सु-सञ्चालनका लागि क्षमता अभिबृद्धिका कार्यक्रमलाई व्यापक रुपमा सञ्चालन गरी सहकारीको गुणात्मक विकासमा योगदान दिन महत्वपूर्ण भूमिका निर्वाह गर्न सो कोष सफल हुने छ भन्ने अपेक्षा समेत राखेका छौं ।

अन्त्यमा, कोषले अपेक्षा गरे अनुसार सहकारी सिद्धान्तको पूर्णपालना र सुशासन कायम गराउँदै नेपालको सहकारी अभियानलाई थप मजबुद बनाउनका लागि हाल देखिएका चुनौतीहरुको सामना गर्दै अगाडि बढ्न कोष सफल हुने विश्वासकासाथ पुन: दोस्रो बार्षिक परामर्श बैठकको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

जय सहकारी तथा धन्यवाद !

..........................................
(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

# विषयसूची


अध्यक्षको मन्तव्य ..... १
कोषको परिचय ..... ४
नेपालमा स्थिरीकरण कोषको कानूनी पृष्ठभूमि ..... ४
स्थिरीकरण कोष किन ? ..... ४
स्थिरीकरण कोषको आवश्यकता ..... ५
कोषको परिकल्पना ..... ५
कोषको ध्येय ..... ५
कोषको उद्देश्य ..... ६
कोषमा सहभागिताको लागि योग्यताहरु ..... ६
स्थापनाकालका सञ्चालन समितिको विवरण ..... ६
आ.व. २०७८/०७९ को प्रगति विवरण ..... ७
आर्थिक वर्ष २०७९।०८० को नीति, कार्यक्रम र बजेट ..... १०
आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन ..... १६
कोषको कार्यविधि ..... ३७
आ.ब. २०७९/०८० मा योगदान गर्ने नयाँ सहकारी संस्थाको विवरण ..... ५४

# अध्यक्षको मन्तव्य



**परितोष पौड्याल**
अध्यक्ष
स्थिरीकरण कोष सञ्चालन समिति

प्रथम बार्षिक परामर्श बैठकका आदरणीय प्रमूख अतिथिज्यू, बिशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, नेफ्स्कून सञ्चालक समितिका पदाधिकारीज्यूहरू, स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यज्यूहरू, कोषमा योगदान गर्नु हुने बचत तथा ऋण सहकारीबाट सहभागि हुनु हुने अभियान कर्मी, पत्राकार एवं व्यवस्थापन संलग्न कर्मचारीहरू सबैलाई बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको वार्षिक परामर्श बैठकमा हार्दिक स्वागत गर्न चाहन्छु । बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष खडा भए पछिको यो पहिलो बार्षिक परामर्श बैठकमा अध्यक्षको हैषियतले यहाँहरूको स्वागत गर्न पाऊँदा गौरवान्वित महसुस गरेको छु । बचत तथा ऋण सहकारी अभियानमा स्थिरीकरण कोषको आवश्यकता छ भनी जग बसाल्न निरन्तर अभियान सञ्चालन गर्नु हुने नेफ्स्कूनका आदरणीय पुर्व अध्यक्षहरू मिनराज कंडेल, ऋषिराज घिमिरे तथा डी बी बस्नेत र उहाँहरूको कार्यकालका सम्पुर्ण पदाधिकारीहरू, अभियान कर्मीहरू, व्यवस्थापन प्रमूख तथा स्थिरीकरण कोष खडा हुनु पुर्व योगदान गर्नु हुने नेफ्स्कून व्यवस्थापनका सम्पूर्ण तहका कर्मचारीहरू प्रति कोष सञ्चालन समिति हार्दिक आभार प्रकट गर्न चाहन्छ ।

अर्थ व्यवस्थाको यो कठिन परिस्थितीमा पनि सहकारी ऐन, २०७४ ले दिएको अधिकार र तोकेको मापदण्ड भित्र कोष स्थापना गर्न सक्नु अभियानको ऐक्यबद्धता र सक्षमता हो भन्ने कुरा बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकण कोष सञ्चालन समितिको बुझाई रहेको छ । असल अभ्यासको रूपमा स्वीकार गरीएको स्थिरीकरण कोषको नीतिगत वातावरण तयारीमा योगदान गर्नु हुने पुर्व माननीय सहकारी मन्त्रीज्यूहरू, सहकारी मन्त्रालयका पुर्व सचिवज्यूहरू, सहकारी विभागका पुर्व रजिष्ट्रारज्यूहरू, कोषका सरोकारवाला निकायका सबै प्रमूखज्यूहरू र सबै तहका राष्ट्रसेवक प्रति बचत तथा ऋण सहकारी अभियान आभार र अनन्तकालसम्म सम्झिरहनेछ भन्ने विश्वास रहेको छ ।

नीतिगत वातावरणको तयारीले मात्र कोष स्थापन नहुने यसका लागि प्रशासनिक कार्यबिधि पारगर्नु पर्ने यहाँहरूलाई जगजाहेर नै छ । यस कार्यमा योगदान गर्नु हुने निवर्तमान माननीय सहकारी मन्त्रीज्यूहरू, सहकारी मन्त्रालयका सचिवज्यू, सहकारी विभागका रजिष्ट्रारज्यूहरू, कोषका सरोकारवाला निकायका सबै प्रमूखज्यू र सबै तहका राष्ट्रसेवकहरू जस जसले कोष स्थापनामा योगदान गर्नु भयो यो कार्यले बचत तथा ऋण सहकारी अभियानको छवी बृद्धिमा योगदान मात्र गरेको छैन नेपाल सरकारको सहकारी ऐन कार्यान्वयन प्रतिको प्रतिबद्धता समेत स्पष्ट गरेको

छ । यस कार्यबाट सहकारी अभियान नेपाल सरकार प्रति अभारित र थप आसावादी बनेको छ । सहकारी अभियान र सरकारसँगै काम गर्दा प्राप्त भएको उपलब्धिको रूपमा स्थिरीकरण कोषलाई लिएका छौं ।

यस बार्षिक परामर्श बैठकमा निस्वार्थ रूपमा अभियानको छवी संरक्षणका लागि योगदान गर्नु हुने अभियान कर्मीहरूको संस्थागत उपस्थिति छ । नेफ्स्कून र सरकारको विश्वासमा अभियानको जगेडा कोषको रूपमा कोष स्थापना गर्न निरन्तर योगदान गर्नु हुने अभियान कर्मीहरू प्रति हार्दिक स्वागत र आभार प्रकट गर्न चाहन्छु । हामीलाई थाहा छ कोषमा योगदान गर्न छुटेका अभियानका हिस्सेदारहरू पनि हामीसँगै छौं । यहाँहरू सबैमा बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष सञ्चालन समितिको तर्फवाट हार्दिक स्वागत गर्दै सहयात्राको अपेक्षा गरेको छु । आजको यस सहभागिताले स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनका लागि थप सहकार्य र हौषलाको वातावरण सृजना गरेकोमा हामी विस्वस्त छौं । आजको दिन बचत तथा ऋण सहकारी अभियानमा सुनौलो अक्षरले लेखिने दिन बन्नेमा कुनै दुबिधा छैन । बचत ऋण सहकारी अभियानको संस्थागत विकास तथा सुदृढीकरणमा आजको यस परामर्श बैठकले थप योगदान गर्ने छ ।

सहकारी ऐनको दफा १०३ र सहकारी नियमावलीको नियम ७४ बमोजिम कोष स्थापन गर्न नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यबिधि, २०७६ स्वीकृत भई कार्यान्वयनका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) मा प्राप्त भए पश्चात कोष खडा गर्ने तयारी संघले शुरू गरेको थियो । कार्यबिधिको व्यवस्था बमोजिम नै मिति २०७९ जेठ २७ गते २६२ बचत तथा ऋण सहकारीहरूको सहभागितामा स्थिरीकरण कोषको स्थापना भएको छ । प्रारम्भिक भेला सम्पन्न भए पछि हामीलाई थाहा नै छ सम्पूर्ण विश्वले कोभिड–१९ को महामारीमा सामना गर्नु पर्‍यो र नेपालको बचत तथा ऋण सहकारी अभियान पनि यसको प्रभाववाट वाहिर रहन सकेन । सबै बचत तथा ऋण सहकारीहरू सदस्यहरूको स्वास्थ्य तथा वित्तीय सुरक्षामा केन्द्रित हुन परेको तथा व्यवसाय निरन्तरताका लागि बिषम परिश्थितिको सामना गर्नु परेको कारणले प्रारम्भिक योगदानमा प्रतिबद्धता गरिए जसरी योगदान गर्न कठिन भएकोले सहकारी नियमावलीको नियम ७४ बमोजिमको न्यूनतम दश करोड योगदान संकलन हुन केही लामो समय लियो तर महामारीको त्यो बिषम परिश्थितिमा पनि योगदान गर्नु हुने अभियानका हिमायती बचत तथा ऋण सहकारी कर्मीहरूको कमी रहेन र योगदान गर्नेहरूकै कारणले आज प्रथम बार्षिक परामर्श बैठकमा सहभागी हुने अवसर प्राप्त भएको छ ।

बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा जोखिम बिद्यमान छ तर आजका दिन सम्म संस्थागत रूपमा जोखिम सुपरिवेक्षण गरी व्यवस्थापनका माध्यमहरूको विकास मार्फत छवीको संरक्षणको नयाँ आधारहरू स्थापना गर्न आधार तयार भएको छ । सदस्यहरूको सामाजिक आर्थिक तथा सांस्कृतिक विकासका सपना बोकेका सहकारीहरू संस्थागत विकास र जोखिम सुपरिवेक्षणको अभावमा बन्द हुने अवश्थामा पुगेका छन् यसका लागि अभियानले स्वनियमनमा आधारित स्तरीकरण कार्यक्रम

र योगदानमा आधारित स्थिरीकरण कोषको अवधारणा सबै बचत तथा ऋण सहकारीहरूको लागि सहकारी ऐनमा नै अनिवार्य सहभागिताको नीतिगत व्यवस्था हुन आवश्यक छ ।

हामीलाई थाहा छ आज पनि स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनका लागि धेरै कामहरू बाँकी छन् । न्यूनतम दश करोडको योगदान त पुरा भएको छ तर सरकार सहभागी भएको छैन । अभियानको आजको अपेक्ष स्थिरीकरण कोषमा नेपाल सरकारको पनि योगदान आवश्यक छ भन्ने रहेको छ । बैधानिक रूपमा यस कोषले बचत तथा ऋण सहकारी अभियानका संरक्षणात्मक कार्यहरूको शुरूवात गर्न सक्ने स्थितीमा पुगेको छ । कोषले चालु आ.ब.मा कुनै पनि अवश्थामा कोषको नियमित सञ्चालनका लागि पुर्वाधार तयार गरी सेवा सुचारू गर्ने छौं र अभियानबाट लामो प्रतिक्षामा प्राप्त कोष प्रभावकारी रूपमा सञ्चालन हुनेछ ।

प्रथम बार्षिक परामर्श बैठक सम्म आइपुग्दा कोषको सेवा सुचारू गर्न आवश्यक नीतिहरूको विकास कार्य सम्पन्न भई सकेको छ । आजको बैठकको मार्गदर्शनमा आधारित भई बचत तथा ऋण सहकारी संस्थाहरूको नियमित संरक्षणको कोषका क्रियाकलापहरू केन्द्रित गरी अघि बढ्ने कुरामा सञ्चालन समितिको प्रतिबद्धता रहेको व्यहोरा जानकारी गराउन चाहन्छु । स्थिरीकरण कोषको अवधारणा नै योगदानमा आधारित भएकोले चालु आ.ब.मा पनि नियमित योगदानका लागि हार्दिक अनुरोध पनि गर्न चाहन्छु । स्तरीकरण तथा सुपरिवेक्षणका कार्यक्रमहरूले विकास गरी सक्षमता निर्माण गरेका बचत तथा ऋण सहकारी संस्थहरूमा कुनै व्यवस्थापकीय कारणले समस्या सृजना भएमा कोषले संरक्षण गर्ने अवधारण साथ काम भई रहेको व्यहोरा पनि अनुरोध गर्न चाहन्छु । कोषमा गर्ने योगदान, योगदानका आकार, योगदानको बिधि तथा संरक्षणका कार्यक्रमहरूको सम्बन्धमा अभियानमा कुनै दुबिधा नभएकोले अव स्थिरीरकण कोष नियमित रूपमा सञ्चालनमा आउनेमा हामीले विस्वास लिएका छौं ।

स्थिरीकरण कोष दिगो बचत ऋण सहकारी अभियानको लागि एक जगेडा कोष हो । दिगो बचत ऋण सहकारी अभियानले मात्र स्थिरीकरण कोष स्थापना र विकास गर्न सक्दछ । त्यसैले स्थिरीकरण कोषको प्रभावकारी परिचालन गरी बचत तथा ऋण सहकारी संस्थाहरूको जोखिम व्यवस्थापनमा निरन्तर क्रियाशिल हुने सञ्चालन समितिको तर्फवाट विस्वास दिलाउन चाहन्छु । प्रथम बार्षिक परामर्श बैठकले अभियानको आशा तथा अपेक्षाहरू पुरा गर्न योगदान गर्न सक्ने योजना सहित मार्गदर्शन गर्न सफल होस् भन्ने अपेक्षा सहित सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी

## १. कोषको परिचय :

सहकारी अभियानको मर्म तथा अनुभुतीलाई सम्बोधन गर्ने अभिप्राय राखी सहकारी ऐन, २०७४ को दफा १०३, सहकारी नियमावली, २०७५ को नियम ७४ र बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९ जेष्ठ २७ गतेको पत्रमार्फत औपचारिक रूपमा कोष खडा भयो । तसर्थ, जेष्ठ २७ गतेलाई स्थिरीकरण कोषको स्थापना दिवसको रूपमा मनाइनेछ ।

## २. नेपालमा स्थिरीकरण कोषको कानूनी पृष्ठभूमि :

- स्थिरीकरण कोष सहकारी अभियानको संस्थागत दिगोपनाको सुरक्षण हो ।
- यो समग्र बचत तथा ऋण सहकारी अभियानको केन्द्रीय कोष हो ।
- यसले बचत तथा ऋण सहकारी संस्थाका लागि जगेडा कोषको जस्तै काम गर्दछ ।
- सहकारी ऐन, २०७४ को दफा १०३ मा स्थिरीकरण कोष खडा गर्न सकिने व्यवस्था छ ।
- यो कोष सञ्चालनको लागि सहकारी मन्त्रालयबाट बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ जारी भएको छ ।
- सहकारी नियमावली, २०७५ को नियम २७ अनुसार सहकारी संघ संस्थाको साधारण सभाले स्वीकृत गरेको रकम यस कोषमा छुट्याउनु पर्ने व्यवस्था छ ।
- भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल सरकार (मन्त्री स्तर) को मिति २०७२/०२/२७ को निणर्यअनुसार कोष खडा भयो ।

## ३. स्थिरीकरण कोष किन ?

- सहकारी संघ संस्थाको बचत तथा ऋणको कारोवारमा देखिने जोखिम व्यवस्थापनका लागि स्थिरीकरण कोषको अवधारणा कार्यान्वयन गर्न,
- स्थिरीकरण कोष अभियानको जगेडा कोषको रूपमा स्थापित हुन,
- प्रविधि तथ वित्तीय कारोवारको स्वरूप तथा आकारमा आएको परिवर्तनले बचत तथा ऋण सहकारीमा थप जोखिम बढेकोले कोषको प्रभावकारी कार्यान्वयनमार्फत जोखिम न्यूनीकरण गर्न,
- स्थिरीकरण कोष योगदानमा आधारित कोष हो । कोषमा आबद्ध बचत तथा ऋण सहकारीहरूको योगदानवाट कोष सञ्चालन गर्न,

- स्थिरीकरण कोषमा सबै बचत तथा ऋण सहकारी संघ संस्थाहरू जो बचत तथा ऋणको कारोवार गर्दछन् अनिवार्य सहभागी भई साकोस सुरक्षा प्रत्याभुती गराउन,
- स्थिरीकरण कोष अभियानको प्रजातान्त्रिक नियन्त्रणमा सञ्चालन हुन,
- कोष बिषयगत केन्द्रीय संघको अभिन्न अंगको रूपम कार्यान्वयनमा जान,
- सामान्यतया कोषले प्रोत्साहनका माध्यमवाट अभियानले प्राप्त गरेको वा स्वीकार गरेको मानकहरूको कार्यान्वयनको सुनिश्चितता गर्न,
- स्थिरीकरण कोष संस्थागत बीमाको रूप जस्तै प्रत्याभुती गराउन,
- स्थिरीकरण कोषमा आबद्ध संस्थाको सुपरिवेक्षण अनिवार्य गर्न,
- प्रबिधिमा आधारित वास्तविक समयमा नै सुपरिवेक्षणको सुनिश्चितता गर्न,
- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यबिधि, २०७६ को व्यवस्था अनुसार प्राप्त हुने तरलता सापटी, दायित्व भुक्तानी सापटी तथा पुन सञ्चालन सापटी जस्ता सुबिधामा कोषको आकार अनुसार सेवा थप गरी बचत सुरक्षणको व्यवस्था गर्न,
- खुद बचत पछि गएको ५ प्रतिशतले दश बर्षमा पनि अभियानमा भएको बचतको १ प्रतिशत नपुग्ने भएको हुनाले संस्थाले जोखिम लिएको बचत एक प्रतिशत रहने गरी नीतिगत सुधार गर्न ।
- संस्थागत पूँजीलाई अभिबृद्धि गर्न ।

## ४. स्थिरीकरण कोषको आवश्यकता :

- सदस्यहरूलाई बचत सुरक्षणको प्रत्याभुती दिन,
- संस्था सञ्चालकहरूलाई सुरक्षित संस्थाको रूपमा आश्वस्त हुन,
- संघलाई सदस्य संस्था सुशासित र सुरक्षित रहेको एकिन गरिराख्न,
- अन्तत्वोगत्वा, समुदायमा साकोसको उच्च छवी कायम राख्न,
- राज्यका लागि बचत ऋण अभियानको सुरक्षाको प्रत्याभुती दिन ।

## ५. कोषको परिकल्पना :

- जोखिम मुक्त, दिगो र भरपर्दो बचत ऋण सहकारी अभियान

## ६. कोषको ध्येय :

- स्थिरीकरण कोषको स्थापना र प्रभावकारी परिचालनको माध्यमबाट वित्तीय सुरक्षा प्रदान गरी बचत तथा ऋण सहकारी संस्थाहरूलाई सवल र सुदृढ बनाई स्थायित्व कायम गर्ने ।

## ७. कोषको उद्देश्य :

१. स्थिरीकरण कोषको दीगोपनाका कार्यबिधिगत आधारहरू तयार गर्ने ।
२. आवश्यक संगठनात्मक संरचनागत एवं प्रशासनिक ढाँचाहरूको विकास गर्ने ।
३. कोषको श्रोत परिचालन एवंम कोष अभिवृद्धिको रणनीतिहरूको विकास गर्ने ।
४. जोखिम सुपरिवेक्षणका विधिहरू परिभाषित गर्ने ।
५. प्रबर्द्धनात्मक कार्यक्रमहरूको विकास गर्ने ।
६. जीवन्त अनुगमन, सुरक्षित साकोस सुपरिवेक्षण र नियमित स्थलगत परीक्षण गर्ने ।

## ८. कोषमा सहभागिताको लागि योग्यताहरु :

१. कम्तिमा पाँच आर्थिक बर्ष कार्यसञ्चालन गरी बार्षिक लेखापरीक्षण सम्पन्न गराएको,
२. तोकिएको समयभित्रै अघिल्ला दुई वर्षको बार्षिक साधारण सभाका बैठक सम्पन्न गरेको,
३. कुल सम्पतिको न्यूनतम पाँच प्रतिशत संस्थागत पूँजी रहेको,
४. अघिल्ला दुई आर्थिक वर्षहरूमा घाटामा नगएको तथा सञ्चित घाटा नभएको,
५. मन्त्रालयबाट स्वीकृत एकीकृत मानदण्डअनुसार उच्च जोखिममा नरहेको,
६. निवेदन दिँदाका बखत नियामक निकायको निगरानी सूचीमा नपरेको वा शीघ्र सुधार कारवाहीमा सूचीकृत नभएको,
७. विभागले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएको ।
८. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ८ का योग्यता अनिवार्य पूरा भएको ।

## ९. स्थापनाकालका सञ्चालन समितिको विवरण

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व गर्ने निकाय वा संस्था |
|---|---|---|---|
| १ | श्री परितोष पौड्याल | अध्यक्ष | नेफ्स्कून |
| २ | श्री टोलराज उपाध्याय | सदस्य | सहकारी विभाग |
| ३ | श्री राधिका गौतम | सदस्य | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ४ | श्री दिलिप कुमार गौतम | सदस्य | अर्थ मन्त्रालय |
| ५ | श्री रामकाजी खाईजु | सदस्य | नेपाल राष्ट्र बैंक |
| ६ | श्री अनिलराज पौडेल | सदस्य | राष्ट्रिय सहकारी विकास बोर्ड |
| ७ | श्री चित्राकुमारी थाम्सुहाङ्ग | सदस्य | राष्ट्रिय सहकारी महासंघ |
| ८ | श्री ज्ञानबहादुर तामाङ्ग | सदस्य | राष्ट्रिय सहकारी बैंक |
| ९ | श्री प्रकाश प्रसाद पोखरेल | सदस्य सचिव | प्रमूख कार्यकारी अधिकृत, नेफ्स्कून |

# आ.व. २०७८/०७९ को प्रगति विवरण

## १. कोष अन्तर्गत सम्पन्न क्रियाकलापहरु

आर्थिक वर्ष २०७८/०७९ को कोष अन्तर्गत सम्पन्न गरिएका कार्यक्रमहरूको विवरण यस प्रकार रहेको छ ।

क. **बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को संसोधन तथा** बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषलाई समयसान्दर्भिक बनाउन बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ लाई संसोधन आवश्यक रहेको सन्दर्भमा दोश्रो प्रारम्भिक परामर्श बैठकद्वारा पारित गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पेश गरिएको छ ।

ख. **आन्तरिक निर्देशिकाहरूको तयारी**

बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ३४ को (क) बमोजिम कोष सञ्चालनका लागि आवश्यक कार्यविधिहरू बनाउने अधिकार सञ्चालन समितिलाई रहेको तर ती कार्यविधिहरू कार्यान्वयनमा ल्याउनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृति आवश्यक पर्ने व्यवस्था रहेको हुँदा उक्त व्यवस्थालाई परिमार्जन गर्न तयार गरिएको संसोधन प्रस्ताव दोश्रो वार्षिक परामर्श बैठकबाट अनुमोदन गरी सहकारी विभागमार्फत मन्त्रालयमा पेश गरिएकोमा हालसम्म उक्त संसोधन स्वीकृत भइनसकेको अवस्था छ ।

**निम्न आन्तरिक निर्देशिकाको मस्यौदा तयार गरिएको छ ।**

१. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको आर्थिक तथा प्रशासनिक कार्यविधि, २०७९
२. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको मानव संसाधनमा सम्बन्धी आन्तरिक निर्देशिका, २०७९
३. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको सञ्चालन समितिको बैठक सञ्चालन सम्बन्धी आन्तरिक निर्देशिका, २०७९

## २. कोष सञ्चालन समितिको बैंठक

| क्र.स. | बैंठक | बैंठक भएको मिति | स्थान | निर्णय संख्या | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नवौं बैठक | २०७८ श्रावण १४ गते | नयाँ बानेश्वर, काठमाडौं | ५ | ८९% |
| २ | दशौं बैठक | २०७८ पौष २८ गते | नयाँ बानेश्वर, काठमाडौं | ५ | ७८% |
| ३ | एघारौं बैठक | २०७८ फागुन १२ गते | जुममार्फत | ४ | ७८% |
| ४ | बाह्रौं बैठक | २०७९ बैशाख ०८ गते | नयाँ बानेश्वर, काठमाडौं | ५ | ६७% |

## ३. कोष अन्तर्गत सम्पन्न प्रबर्द्धनात्मक क्रियाकलापहरु

| स्थिरीकरण कोषका आ.व. २०७८/०७९ का कार्यक्रमहरू | | | |
|---|---|---|---|
| क्र.स. | कार्यक्रम | कार्यक्रम भएको मिति | स्थान |
| १ | स्थिरीकरण कोष सम्बन्धी अभौतिक अभिमुखीकरण | २०७८ पौष ०९ गते | जुममार्फत |
| २ | स्थिरीकरण कोषको आ.व. ०७८/७९ को लागि नीति कार्यक्रम तथा बजेट निर्माण कार्यशाला | २०७८ पौष २८ गते | नयाँ बानेश्वर, काठमाडौं |
| ३ | स्थिरीकरण कोष सम्बन्धी अभौतिक अन्तरक्रिया | २०७८ माघ १६ गते | जुममार्फत |
| ४ | दोश्रो वार्षिक परामर्श बैठक | २०७८ फागुन १२ गते | जुममार्फत |
| ५ | स्थिरीकरण कोष खडा गर्न दस्तावेज हस्तान्तरण कार्यक्रम | २०७९ बैशाख ०८ गते | नयाँ बानेश्वर, काठमाडौं |
| ६ | स्थिरीकरण कोषको शुभारम्भ | २०७९ जेठ २७ गते | सिंहदरबार, काठमाडौं |

## ४. आ.व. २०७८/०७९ असार मसान्त सम्मको कोषको अवस्था

| विवरण | अवस्था |
|---|---|
| योगदान गर्ने बचत तथा ऋण सहकारी संस्थाहरू | २५६ |
| योगदान गर्ने संघहरू (नेफ्स्कून सहित) | ६ |
| **योगदान गर्ने संघ संस्थाहरू** | **२६२** |
| आ.व.०७८/७९ मा योगदान गरेका नयाँ संस्था | १०८ |
| आ.व.०७७/७८ मा योगदान गरेका नयाँ संस्था | ४६ |
| आ.व.०७६/७७ मा योगदान गरेका नयाँ संस्था | १०९ |
| १५ लाख भन्दा अधिक योगदान गर्ने संस्था | १६ |
| आ.व ०७६/७७ अन्त्य सम्मको योगदान रकम रू. | २३,९७१,६१९ |
| आ.व.०७७/७८ को अन्त्य सम्मको योगदान रकम रू. | २६,६३१,५११ |
| आ.व.०७८/७९ को अन्त्य सम्मको योगदान रकम रू. | ६३,००८,००८ |
| **जम्मा भएको योगदान रकम रू.** | **११३,६११,१३९** |

## ५. कोषको उपलब्धिहरु :

- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको आ.व. २०७९/८० को नीति, कार्यक्रम तथा बजेट तयार भएको छ ।
- नेफ्स्कूनको प्रोबेसन ब्राण्डिङ कार्यक्रममा योग्य हुनको लागि स्थिरीकरण कोषमा आवद्धता अनिवार्य गरिएको छ । जसले कोषमा आवद्धता वृद्धि हुने देखिएको छ ।
- नेफ्स्कूनको एक्सेस कार्यक्रममा सहभागि ६७ संस्थामध्ये ६७% ले स्थिरीकरण कोषमा योगदान गरेका छन् ।
- प्रोबेसन कार्यक्रममा सहभागि २४६ मध्ये ३६% संस्थाले स्थिरीकरण कोषमा योगदान गरेका छन् ।
- कर्वस् कार्यक्रममा सहभागि ४०३ मध्ये १७% संस्थाले स्थिरीकरण कोषमा योगदान गरेका छन् ।
- नेफ्स्कूनका कुल ४५२८ सदस्य मध्ये ६% सदस्य संस्थाले स्थिरीकरण कोषमा वार्षिक योगदान गरेका छन् ।

- कोषमा योगदान गर्ने संस्थामध्ये करिब २४% सदस्यहरू नेफ्स्कूनको गुणस्तर सुनिश्चितता कार्यक्रममा आवद्ध हुने प्रक्रियामा रहेका छन् ।
- कोषमा योगदान गर्ने केही सदस्यहरूले लेखापरीक्षण प्रतिवेदनमा छुट्याय बमोजिमको सम्पूर्ण रकम योगदान बापत जम्मा नगरी करिब २५% देखि ५०% सम्म मात्र जम्मा गरेको र कतिले जम्मा नगरी जगेडा कोषमा सारेको पाईएको छ ।
- बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको आ.व. २०७८/७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।
- कोषमा योगदान गर्ने संस्थाको योग्यता मापन गरी सहभागिता प्रमाणपत्र प्रदान गर्नको लागि संस्थाको नामावली तयार गरिएको छ ।
- कोषमा सञ्चालन समितिमा योगदान सहभागी संस्थाबाट २ जना प्रतिनिधित्व गरिएको छ ।
- कोषको कार्यसञ्चालनको लागि आवश्यक निर्देशिका तयार गर्ने निर्णय भए बमोजिम कोषको आर्थिक प्रशासन, मानव संसाधन र बैठक सञ्चालन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरिएको छ । जसको लागि स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधिको संसोधन पश्चात सोही अन्तर्गत रहि निर्माण गरिने हुनाले सहकारी विभाग मार्फत आवश्यक समन्वय भइरहेको ।
- कोषको लोगो तयार गर्ने अख्तियारी सदस्य सचिवलाई दिने निर्णय भए बमोजिम लोगोको मस्यौदा तयार गरिएको छ ।

# आर्थिक वर्ष २०७९।०८० को नीति, कार्यक्रम र बजेट

## १. पृष्ठभूमि :

स्थिरीकरण कोष-सहकारी अभियानको संस्थागत दीगोपनाको सुरक्षण हो । यो समग्र अभियानको केन्द्रीय कोष हो । यसले बचत तथा ऋण सहकारी संस्थाका लागि जगेडा कोषको जस्तै काम गर्दछ । यहि कुरालाई मध्येनजर गरी सहकारी ऐन, २०७४ दफा १०३ मा स्थिरीकरण कोष खडा गर्न सकिने व्यवस्था छ । तालुक मन्त्रालयबाट यस कोषको सञ्चालनका लागि बचत तथा ऋण सहकारीहरूको स्थिरीकरण कोष सञ्चालन कार्यविधि, २०७६ जारी भएको छ । सहकारी नियमावली, २०७५ को नियम २७ अनुसार संघ संस्थाको साधारण सभाले स्वीकृत गरेको रकम यस कोषमा छुट्याउने व्यवस्था छ ।

## २. स्थिरीकरण कोष खडा :

स्थिरीकरण कोष मन्त्रालयबाट मिति २०७९ साल जेष्ठ २७ गते खडा भएको आधिकारीकता प्राप्त भएको, जसमा सहकारी ऐन, २०७४ को दफा १०३, सहकारी नियमावली, २०७५, को नियम ७४ तथा स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ६ बमोजिम निम्न शर्तको अधिनमा कोष सञ्चालन तथा व्यवस्थापन हुने गरी स्थिरीकरण कोष खडा भएको छ ।

(क) सहकारी नियमावली २०७५ को नियम ७४ मा उल्लेखित न्यूनतम मौज्दात कोषमा राख्ने गरी ६ महिना भित्र थप योगदान जुटाएर मात्र उपयोग गर्ने,

(ख) स्थिरीकरण कोष सचालनका लागि कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा आवश्यक परिमार्जनका लागि विभागमार्फत् मन्त्रालयमा पेश गर्ने,

(ग) कोषमा सहभागिता र रकम बृद्धि गर्ने सम्बन्धी स्पष्ट कार्ययोजना सहित अगाडि बडाउने,

(घ) कोषको कामकारोवार र वित्तीय अवस्थाको विवरण (लेखा परिक्षण प्रतिवेदन सहित) हरेक आर्थिक बर्षको प्रथम चौमासिक भित्र विभागमार्फत् मन्त्रालयमा पेश गर्ने,

## ३. नीति तथा कार्यक्रमको आधारहरु :

जोखिम मुक्त, दीगो र भरपर्दो बचत ऋण सहकारी अभियानका लागि स्थिरीकरण कोष भन्ने मुल परिकल्पनाका साथ खडा भएको यस कोषको स्थापना र प्रभावकारी परिचालनको माध्यमबाट वित्तीय सुरक्षा प्रदान गरी बचत तथा ऋण सहकारी संस्थालाई सवल र सुदृढीकरण गर्ने ध्येय लिएको छ । साकोस सुशासनको अभ्यासलाई गुणस्तरीय तथा सहकारीको मुल्य मान्यता सहित बचत ऋण सहकारी अभियानलाई सार्थक बनाउन सुरक्षित र सुशासित साकोसका लागि यस आ.ब.का नीति तथा कार्यक्रमहरूको देहायका विषयहरूलाई नीति तथा कार्यक्रम निर्माणको थप आधारको रूपमा अंगिकार गरिएको छ ।

१. स्थिरीकरण कोष कार्यान्वयन रणनीति,
२. साकोस अभियान तथा स्थिरीकरण कोषद्धारा विभिन्न समयमा आयोजित प्रादेशिक गोष्ठीहरू तथा नियमनकारी निकायहरूसँगको अन्तक्रिया,
३. अभियानको अनुभव, विज्ञता र अनुकरणीय अभ्यासबाट प्राप्त सुझाव,
४. स्थिरीकरण कोष सञ्चालन समितिबाट प्राप्त पृष्ठपोषण तथा सुझावहरू,

५. साझा सेवा विकास सम्बन्धमा साकोस अभियानले गरेको अध्ययन तथा अनुसन्धान प्रतिवेदन ।

## ४. कोषको नीति तथा कार्यक्रमहरु :

१. स्थिरीकरण कोष सञ्चालनका लागि आवश्यक पर्ने आन्तरिक कार्य सञ्चालन निर्देशिकाहरू निर्माण गरिनेछ ।
२. कोषको रणनीतिक योजना अध्यावधिक गरिनेछ ।
३. कोषमा सहभागिता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
४. स्थिरीकरण कोष सञ्चालनका लागि गर्नुपर्ने नियमित कार्यहरू सञ्चालन गरिनेछ ।
५. नेफ्स्कूनसँगको सहकार्यमा स्थलगत जोखिम अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
६. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषका लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सिकाई आदान प्रदान गरिनेछ ।
७. सदस्य संस्थाहरूको प्रत्यक्ष अनुगमन (Live Monitoring) प्रणालीको विकासका लागि अध्ययन गरिनेछ ।
८. सापटी माग गरेका संघ संस्थाहरूलाई सापटी व्यवस्थापन कार्यहरू गरिनेछ ।

## ५. आ.ब.२०७९।०८० को विस्तृत क्रियाकलापहरु :

| क्र.सं. | क्रियाकलापहरू | इकाई | परिमाण | दर रू. | जम्मा रू. |
|---|---|---|---|---|---|
| १ | **स्थिरीकरण कोष सञ्चालनका लागि आवश्यक पर्ने आन्तरिक कार्य सञ्चालन निर्देशिकाहरू निर्माण** | | | | |
| १.१ | आन्तरिक निर्देशिका निर्माण तथा अध्यावधिक | संख्या | १ | १००,००० | १००,००० |
| २ | **कोषको रणनीतिक योजना** | | | | |
| २.१ | कोषको रणनीतिक योजनाको समिक्षा तथा अध्यावधिक | पटक | १ | ५०,००० | ५०,००० |
| ३ | **कोषको सहभागिता अभिबृद्धि कार्यक्रम** | | | | |
| ३.१ | क्षेत्रीय कार्याशला तथा अन्तक्रिया गोष्ठी (नेपालगञ्ज, चितवन, काठमाडौं र इटहरी) | क्षेत्रीय | ४ | १७५,००० | ७००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **स्थिरीकरण कोष सञ्चालनका लागि गर्नुपर्ने नियमित कार्यहरू** | | | | |
| ४.१ | बार्षिक परामर्श वैठक | पटक | १ | २५०,००० | २५०,००० |
| ४.२ | सञ्चालन समितिको वैठक | पटक | ६ | ४०,००० | २४०,००० |
| ४.३ | कोषको लेखापरीक्षण | पटक | १ | ५०,००० | ५०,००० |
| ४.४ | परामर्श | पटक | १ | २५,००० | २५,००० |
| ४.५ | आवश्यक अन्य बैठक (साधारण सभा, राष्ट्रिय स्तर) | पटक | १ | ५०,००० | ५०,००० |
| ४.६ | स्थापना दिवस | पटक | १ | ३५,००० | ३५,००० |
| ४.७ | प्रवर्धनात्मक सामग्रीहरू | एकमुष्ट | १ | ४५,००० | ४५,००० |
| ४.८ | कोषको वेवपेज निर्माण | पटक | १ | ५०,००० | ५०,००० |
| ५ | **नेफस्कूनसँगको सहकार्यमा स्थलगत जोखिम अनुगमन तथा सुपरिवेक्षण** | | | | |
| ५.१ | स्थलगत जोखिम अनुगमन तथा सुपरिवेक्षण | संस्था | २०० | ५,००० | १,०००,००० |
| ५.२ | प्रतिवेदन तयारी | पटक | १ | ४,६०० | ४,६०० |
| ६ | **सिकाई आदान प्रदान** | | | | |
| ६.१ | सिकाई आदान प्रदान | पटक | १ | १००,००० | १००,००० |
| ७ | **सदस्य संस्थाहरूको प्रत्यक्ष अनुगमन (Live Monitoring) प्रणालीको विकासका लागि अध्ययन** | | | | |
| ७.१ | प्रत्यक्ष अनुगमन (Live Monitoring) प्रणालीको विकासका अध्ययन | पटक | १ | ४३,५०० | ४३,५०० |
| ८ | **सापटी माग गरेका संघ संस्थाहरूलाई सापटी व्यवस्थापन** | | | | |
| ८.१ | संघ संस्थाहरूको जोखिम अनुगमन तथा सुपरिवेक्षण (आवश्यकतानुसार) | एकमुष्ट | १ | २००,००० | २००,००० |
| ८.२ | संघ संस्थाको व्यवस्थापन (आवश्यकतानुसार) | एकमुष्ट | १ | १५०,००० | १५०,००० |
| | | | | **जम्मा रकम रू.** | ३,०९३,१०० |
| ९ | **मानव संशाधन लागत** | महिना | १२ | २३५,००० | २,९५३,०४० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | **घर भाडा** | महिना | १२ | ४६,२०० | ५५४,४०० |
| ११ | **अन्य प्रशासनिक खर्च** | महिना | १२ | ५०,००० | ६००,००० |
| १२ | **आवश्यक स्थिर सम्पती लागत** | एकमुष्ट | १ | १५०,००० | १५०,००० |
| | | | | **जम्मा रकम रू.** | **४,१२४,४००** |
| | | | | **जम्मा कूल रकम रू.** | **७,२१७,५००** |

## ६. मानव संशाधन व्यवस्थापन :

| क्र. सं. | मानव संशाधन | आधारभुत तलममान रू. | जम्मा रू. | सेवा तथा सुविधा रू. | कुल रकम रू. | योगदान प्रतिशत | योगदान रकम रू. |
|---|---|---|---|---|---|---|---|
| १ | सदस्य सचिव | - | - | - | - | ० | - |
| २ | बरिष्ठ अधिकृत | ६७,३३० | ८०७,९६० | ४०३,९८० | १,२११,९४० | ५० | ६०५,९७० |
| ३ | लेखा अधिकृत | ६०,०२४ | ७२०,२८८ | ३६०,१४४ | १,०८०,४३२ | २० | २१६,०८६ |
| ४ | अनुगमन सहायक | ५०,६९३ | ६०८,३१६ | ३०४,१५८ | ९१२,४७४ | १०० | ९१२,४७४ |
| ५ | सहायक | ३७,५५६ | ४५०,६७२ | २२५,३३६ | ६७६,००८ | १०० | ६७६,००८ |
| ६ | कार्यलय सहयोगी | ३०,१३९ | ३६१,६६८ | १८०,८३४ | ५४२,५०२ | १०० | ५४२,५०२ |
| | | **जम्मा खर्च रू.** | २,९४८,९०४ | १,४७४,४५२ | ४,४२३,३५६ | | **२,९५३,०४०** |

## ७. अनुमानित आय व्यय : (रु.)

| खर्च विवरण | रकम रु. | आम्दानी विवरण | रकम रु. |
|---|---|---|---|
| कार्यक्रम खर्चहरू | ३,०९३,१०० | बैंक व्याज आम्दानी | ३,५००,००० |
| मानव संशाधन लागत | २,९५३,०४० | आवाधिक बचत खाता | ७,१५०,००० |

| | | | |
|---|---|---|---|
| घर भाडा | ५५४,४०० | नयाँ योगदान रकम | १,०८०,००० |
| अन्य प्रशासनिक खर्च | ६००,००० | | |
| व्याज आम्दानी कर खर्च | १,७५९,५०० | | |
| ह्रासकट्टी | १५०,००० | | |
| पूर्व सञ्चालन खर्च | २,६००,००० | | |
| **जम्मा खर्च रु.** | **११,७१०,०४०** | **जम्मा आम्दानी रु.** | **११,७३०,०००** |

## ८. अभियानबाट प्राप्त सुझावहरु :

- कोषमा सहभागिता बढाउन साकोसमा अभिमुखीकरण तथा प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ,
- अभियान धमिलो अभ्यास तर्फ उन्मूख भइरहको अवस्थामा कोषको औचित्यता र सान्दर्भिकता बुझाउन नीतिगत व्यवस्थाको प्रावधानलाई संशोधन गरे पश्चात मात्र क्षेत्रीय तहको मास अभिमुखीकरण राखिनुपर्ने देखिन्छ,
- कोषबाट संशोधनका लागि प्रस्तुत कोषको कार्यबिधिलाई यथाशिघ्र मन्त्रालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने

## ९. उपलब्ध सुझावको संवोधनका प्रयासहरु :

- कोषको नीतिगत व्यवस्था र संशोधनका व्यवस्थाको विषयमा नेफ्स्कून र कोषको व्यवस्थापनले योजनाबद्ध पैरवीमा लाग्ने,
- अभियानको जगेडा कोषको रूपमा साकोस सुरक्षा कवजको रूपमा स्थापित गराउन सहभागिता भएका साकोसको दैनिकी रूपमा तिव्र उत्प्रेरणात्मक, सिद्धान्तिक, प्रणालीगत, अनुपालित अनुगमन गरिने,
- स्थिरीकरण कोषको बुझाई एकरूपताका लागि नेफ्स्कूनका उच्च व्यवस्थापन, नेतृत्व र अभियानका नेतृत्व विचमा अन्तरक्रिया गरिने,
- कोषको योगदान तथा सहभागिता बढाउन नीति तथा कार्यक्रम सञ्चालन समितिबाट स्वीकृत गरिएको ।
- कोषको प्रभावकारी कार्यान्वयनका लागि बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा २३ तरलता सापटी दिने व्यवस्था प्रक्रिया अगाडि बढाइएको ।

# आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन :

Govt. Regd. No.765 ICAN Regd. No.: 1037

Gyaneswor-30, Kathmandu
+977-01-4416163
contactktm@rpbfinadv.com.np
www.rpbfinadv.com.np

BP Associates
CHARTERED ACCOUNTANT

श्री सदस्य महानुभावहरु,
बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष,
(नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड मातहत रहेको)
नयाँ बानेश्वर, काठमाण्डौ, बागमती प्रदेश, नेपाल

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. लेखापरीक्षकको कैफियत सहितको मन्तव्य

हामीले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को मातहत रहेको बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषको लेखापरीक्षण प्रमाणिकरण गरेका छौं । जसमा २०७९ आषाढ ३२ गतेको (तदानुसार १६ जुलाई, २०२२) वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाबको विवरण, नगद प्रवाह विवरण तथा महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेको छ ।

हाम्रो रायमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को मातहत रहेको बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषको संलग्न वित्तीय विवरणले कोषको २०७९ आषाढ ३२ गतेको वित्तीय स्थिति तथा उक्त अवधिको वित्तीय सञ्चालन नतिजा र नगद प्रवाहको वित्तीय प्रतिवेदनमान वा साना तथा मझौला नेपाल लेखामान अनुसार सही र यर्थाथ चित्रण गर्दछ ।

### २. अन्य जानकारीहरू

अन्य जानकारीको (NSA-720) लागि व्यवस्थापन जिम्मेवार छ । वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । वार्षिक प्रतिवेदन लेखा परीक्षकको प्रतिवेदनको मिति पछि हामीलाई उपलब्ध गराईने भएकाले उक्त प्रतिबेदनमा NSA-720 ले माग गरे जस्तै एक्येबद्धता रहने कुरा ब्यबस्थापनबाट जानकारी भयो र सो विवरणमा हाम्रो राय तथा निष्कर्ष कुनै पनि रूपमा व्यक्त वा परिवर्तन गरिएको छैन । अन्य जानकारीहरु अध्ययन गर्दै वित्तीय विवरणको लेखा परीक्षणको क्रममा तथा लेखा परीक्षणको दौरानमा भेटिएका कुराहरुसँग अन्य जानकारी बाझिएमा एवम् गलत प्रस्तुत भएमा हामीले रिपोर्ट गर्नुका साथै सम्बन्धित निकायलाई जानकारी गराउँदछौं ।

### ३. लेखापरिक्षणका मुख्य मामिलाहरु

मुख्य लेखापरिक्षणका मामिला ती विषयहरू हुन्, हाम्रो ब्यवसायिक निर्णयमा, हालको अवधिको वित्तीय विवरणहरूको लेखा परीक्षणमा सबैभन्दा महत्वको विषय रहेको र लेखापरीक्षकको मन्तब्यको आधारमा वर्णन

BP Associates
CHARTERED ACCOUNTANTS

गरिएको कुरा बाहेक, हाम्रो प्रतिवेदनमा समावेश गर्न योग्य कुनै पनि मुख्य लेखापरिक्षणका मामिलाहरू नभएको जानकारी गराउँदछौं ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

वित्तीय लेखामानअनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कोष विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कोष निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संघको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति कोषको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

## ५. वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटिरहित छन् वा छैनन् भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सँधै पहिचान हुन्छन् भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमशः हामीले ;

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुनसक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरुभन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- कोषको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासङ्गिक हुने कोषको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कोषको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निश्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित

BP Associates
CHARTERED ACCOUNTANTS

खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निश्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संघ अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

कोषको लगानी तथा कर्जामा नगद प्राप्तीको आधारमा व्याज आम्दानी लेखाङ्कन गर्ने र प्राप्त हुन बाँकी पाउनुपर्ने व्याज रकमलाई व्याज मुल्तवी हिसाब शिर्षकमा प्रस्तुत गरी यी दुई अलग अलग शिर्षकमा रहेको रकमलाई समायोजन/मिलान गरी लेखाङ्कन तथा प्रस्तुत गर्ने नीति रहेको छ।

**१३. गैह्र बैकिङ्ग सम्पत्ति**

यस वर्षको अन्त्यमा कोषमा गैह्र बैकिङ्ग सम्पत्ति कायम रहेको छैन।

**१४. स्थिरीकरण कोष हिसाब**

प्रस्तुत आर्थिक वर्ष सम्ममा यस शिर्षकमा जम्मा संकलन भएको, खर्च भएको तथा वर्षान्तमा मौंज्दात रहेको हिसाब विवरण निम्नानुसार रहेको छ।

| विवरण | रकम रु. | कैफियत |
|---|---|---|
| विभिन्न संघ संस्थाहरुबाट योगदान | ११,३६,११,१३९/- | २६२ वटा संघ संस्थाबाट |
| राष्ट्रिय सहकारी बैंक लि.बाट व्याज आम्दानी | ४२,२९,८८४/- | निक्षेप खातामा व्याज प्राप्त |
| नेफस्कूनलाई दिनु पर्ने | ८१,२७,५०५/- | कोषले भुक्तान गर्नु पर्ने |
| **जम्मा संकलन भएको रकम (क)** | १२,५९,६८,५२८/- | |
| ***खर्च हिसाब विवरण :*** | | |
| प्रशासनीक, कार्यालय सञ्चालन तथा कार्यक्रमहरुमा भएका खर्चहरु | ८२१५२४६/- | कार्यालय सञ्चालन खर्च र ३ कर्मचारीको तलब, भत्ता सहित |
| पुँजीगत खर्च | ८४५५८२/- | ह्रास कट्टी पछी |
| **जम्मा प्रशासनीक र पुँजीगत खर्च रकम (ख)** | ९२४५६२७/- | |
| **ग)अग्रिम घर भाडा** | ६७२००/- | |
| **खुद बाँकी मौज्दात (क - ख-ग)** | ११६८४०५०१/- | |

**१५. सम्बद्ध निकाय तथा व्यक्तिहरुका मुख्य कारोबार**

प्रस्तुत आर्थिक वर्षमा कोषमा आवद्ध संघ संस्थाहरुबाट रकम संकलन निरन्तर रुपमा रही आएको छ।

**१६. वित्तीय तथा लेखा विवरणको प्रस्तुति**

वित्तीय तथा लेखा विवरणहरू प्रचलित नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारुप, ऐन, नियम तथा मापदण्डले तोकेको ढाँचामा पेश गरिएको छ। पैसामा उल्लेख गरिएका रकमलाई रुपैंयामा समावेश (शुन्यान्तर /रुपान्तरण) गरी उल्लेख गरिएको छ।

BP Associates
CHARTERED ACCOUNTANTS

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

पत्र संख्या:१.६/स.व्य.प्र./२०७८/०७९

च.नं. १६३६

मितिः- २०७९/०२/२७

विषयः- स्थिरीकरण कोष खडा गरिएको सम्बन्धमा ।

श्री सहकारी विभाग,
नयाँ बानेश्वर, काठमाडौं ।

तहाँको प.सं. ०७८/७९, च.नं. १२३८, मिति २०७९/०१/११ पत्रसाथ प्राप्त स्थिरीकरण कोष स्थापना र सञ्चालन सम्बन्धी विषय निर्णयार्थ पेश हुँदा वचत तथा ऋण सहकारी संस्थाहरुको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ को दफा १०३, सहकारी नियमावली, २०७५, को नियम ७४ तथा स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ६ बमोजिम देहायको शर्तको अधिनमा रही कोष सञ्चालन तथा व्यवस्थापन हुने गरी स्थिरीकरण कोष खडा गरिएको व्यहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७९/०२/२७ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१। सहकारी नियमावली, २०७५ को नियम ७४ मा उल्लेखित न्यूनतम मौज्दात कोषमा राख्ने गरी ६ महिनाभित्र थप योगदान जुटाएर मात्र उपयोग गर्ने ।

२। स्थिरीकरण कोष सञ्चालनका लागि कोष स्थापना तथा सञ्चालन कार्यविधी, २०७६ मा आवश्यक परिमार्जनका लागि विभागमार्फत् मन्त्रालयमा पेश गर्ने ।

३। कोषमा सहभागिता र रकम वृद्धि गर्ने सम्बन्धी स्पष्ट कार्ययोजना सहित अगाडि बढाउने ।

४। कोषको कामकारोवार र वित्तीय अवस्थाको विवरण (लेखा परिक्षण प्रतिवेदन सहित) हरेक आर्थिक वर्षको प्रथम चौमासिकभित्र विभागमार्फत् मन्त्रालयमा पेश गर्ने ।

२०७९/२/२६

(खेम नारायण पौडेल)
शाखा अधिकृत

वोधार्थः

श्री नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.,
नयाँ बानेश्वर, काठमाडौं ।

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

# कोषको कार्यविधि :

**बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६**

सहकारी नियमावली, २०७५ को नियम ७४ को उपनियम (१०) को प्रयोजनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले कोष सञ्चालन समितिको अध्यक्ष सम्झनुपर्दछ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने कोष सञ्चालन समितिको सदस्यसमेतलाई जनाउनेछ ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "केन्द्रीय विषयगत सङ्घ" भन्नाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा १०३ को उपदफा (१) बमोजिम खडा गरिएको स्थिरीकरण कोष सम्झनु पर्छ ।

(ङ) "कोष प्रमुख" भन्नाले कोषको दैनिक कार्यसञ्चालन गर्न कोष सञ्चालन समितिले नियुक्त गरेको व्यवस्थापन तहको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कर्मचारीको रूपमा आंशिक समय काम गर्ने गरी तोकिएको केन्द्रीय विषयगत सङ्घको कार्यकारी प्रमुख वा व्यवस्थापन तहको अन्य कर्मचारीसमेतलाई जनाउनेछ ।

(च) "कोष सञ्चालन समिति" भन्नाले नियमावलीको नियम ७४ को उपनियम (२) बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) "तरलता सापटी" भन्नाले आबद्ध संस्थालाई दफा २३ को उपदफा (१) बमोजिम कोषबाट उपलब्ध गराइएको फिर्ता गर्नुपर्ने रकम सम्झनु पर्छ ।

१

(ञ) "दायित्व भुक्तानी सापटी" भन्नाले आबद्ध संस्थालाई दफा २४ को उपदफा (१) बमोजिम कोषबाट उपलब्ध गराइएको फिर्ता गर्नुपर्ने रकम सम्झनु पर्छ ।

(झ) "निर्धारित सापटी आवश्यकता" भन्नाले कोष सञ्चालन समितिले निर्धारण गरेको मानकबमोजिम गणना गरिएको सहभागी संस्थालाई तत्काल आवश्यक सापटीको रकम सम्झनुपर्दछ ।

(ञ) "नियमाबली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्छ ।

(ट) "पुनर्सञ्चालन खर्च सापटी" भन्नाले समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापनका लागि दफा २५ को उपदफा (१) बमोजिम कोषबाट उपलब्ध गराइएको शोधभर्ना गर्नुपर्ने रकम सम्झनु पर्छ ।

(ठ) "महासङ्घ" भन्नाले राष्ट्रिय सहकारी महासङ्घ सम्झनु पर्छ ।

(ड) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १०५ बमोजिम गठन भएको समस्याग्रस्त संस्था वा सङ्घको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) "सहभागी संस्था" भन्नाले ऐनको दफा १०३ को उपदफा (५) बमोजिम कोषमा योगदान गरी सहभागी भएको संस्था सम्झनु पर्छ ।

(ण) "सापटी" भन्नाले तरलता सापटी, दायित्व भुक्तानी सापटी वा पुनर्सञ्चालन खर्च सापटी सम्झनु पर्छ ।

## परिच्छेद - २

## स्थिरीकरण कोषको स्थापना र कोषसम्बन्धी व्यवस्था

३. कोष खडा गर्ने निर्णयः (१) ऐनको दफा १०३ को उपदफा (१) मा उल्लिखित संस्थाहरू मिली स्थिरीकरण कोष खडा गर्दा केन्द्रीय विषयगत सङ्घको संयोजकत्वमा दफा ८ बमोजिमको योग्यता पुगेका कम्तीमा तीस वटा संस्थाहरूको प्रारम्भिक भेलाले निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा देहायको व्यहोरा खुलाउनुपर्नेछः—

(क) ऐनको दफा १०३ मा उल्लिखित प्रयोजनमा उपयोग गर्ने गरी सोही दफाको उपदफा (१) बमोजिम कोष खडा गरिएको व्यहोरा,

(ख) कोषमा सहभागिताका शर्त बन्देज, कोषको रकमको उपयोग, लेखापालन, लेखापरीक्षण र कोष सञ्चालनसम्बन्धी व्यवस्था ऐन, नियमावली र यो कार्यविधि बमोजिम हुने व्यहोरा,

(ग) नियमावलीको नियम ७४ को उपनियम (४) बमोजिम आवश्यक न्यूनतम प्रारम्भिक योगदान पुग्ने गरी उपदफा (१) बमोजिमका संस्थाहरूका साथै ऐनको दफा १०३ को उपदफा (२) बमोजिम इच्छुक सहकारी संस्था वा निकाय प्रत्येकका तर्फबाट जम्मा गर्ने गरी सहमति जनाइएको रकमको विवरणसहित त्यस्तो रकम जम्मा गर्नुपर्ने मिति,

(घ) केन्द्रीय विषयगत सङ्घले खण्ड (ग) बमोजिम कोषमा प्रारम्भिक योगदानबापत प्राप्त हुने रकम कोषको खाता नखुल्दासम्मका लागि सो सङ्घका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी राष्ट्रिय सहकारी बैङ्क वा 'क' वर्गको बाणिज्य बैङ्कमा सङ्घको नामको छुट्टै खातामा राखी कोष खडा गर्ने प्रक्रियासमेत पूरा गर्ने लगायत तत्सम्बन्धी अन्य आवश्यक व्यवस्थाको व्यहोरा ।

(३) उपदफा (१) बमोजिमको भेलामा ऐनको दफा १०३ को उपदफा (२) बमोजिम कोषमा योगदान गर्न इच्छुक सहकारी संस्था वा निकायसमेतलाई आमन्त्रित गर्नुपर्नेछ ।

४. <u>निर्णयको जानकारी:</u> (१) केन्द्रीय विषयगत सङ्घले दफा ३ को उपदफा (१) बमोजिमको प्रारम्भिक भेलाबाट कोष खडा गर्ने निर्णय भएको जानकारी विभागमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी पठाउँदा प्रारम्भिक भेलाको निर्णयको प्रतिलिपिका साथै कोष खडा गर्न आवश्यक न्यूनतम रकम दफा ३ को उपदफा (२) को खण्ड (घ) मा उल्लिखत खातामा जम्मा भएको बैङ्क विवरण (स्टेटमेन्ट) समेत संलग्न गर्नुपर्नेछ ।

(३) विभागले उपदफा (१) बमोजिम प्राप्त जानकारी र सोसँग संलग्न कागजपत्रहरू ऐन, नियमावली र यस कार्यविधि अनुरूप भए, नभएको हेरी आफ्नो राय, सिफारिससहित मन्त्रालयमा पठाउनुपर्नेछ ।

५. <u>मन्त्रालय र नेपाल राष्ट्र बैङ्कको योगदान जम्मा भएको मानिने:</u> ऐनको दफा १०३ को उपदफा (२) बमोजिम मन्त्रालय वा नेपाल राष्ट्र बैङ्कको तर्फबाट कोषमा योगदान गरिने रकमको हकमा रकम निकासा वा अन्य प्रक्रियागत कारणले तत्काल केन्द्रीय विषयगत सङ्घले तोकेको बैङ्क खातामा जम्मा नभएको भए तापनि न्यूनतम रकमको गणना प्रयोजनार्थ जम्मा भएको मानिनेछ ।

तर मन्त्रालय वा नेपाल राष्ट्र बैङ्कले त्यस्तो योगदानबापत जम्मा गरिने रकम खुलाएर सो चालु आर्थिक वर्ष व्यतीत नहुँदै कोषको खातामा जम्मा गरिने व्यहोराको जानकारी केन्द्रीय विषयगत सङ्घमा पठाएको हुनुपर्नेछ ।

३

६. <u>कोष खडा हुने:</u> (१) दफा ४ को उपदफा (३) बमोजिम विभागबाट राय, सिफारिससहित जानकारी प्राप्त भएपछि मन्त्रालयले तत्सम्बन्धमा जो बुझ्नुपर्ने बुझी ऐन, नियमावली र यस कार्यविधिमा व्यवस्था अनुरूप भए अर्थ मन्त्रालयको सहमतिका लागि लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी पठाइएकोमा अर्थ मन्त्रालयको सहमति प्राप्त भएपछि त्यस्तो सहमतिमा प्राप्त राय, सुझावसमेतलाई दृष्टिगत गरी मन्त्रालयले कोष खडा गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णयको जानकारी विभाग र केन्द्रीय विषयगत संघलाई दिनेछ ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम कोष खडा गर्ने निर्णय गर्दा अर्थ मन्त्रालयबाट प्राप्त राय, सुझाव समेतको आधारमा कुनै शर्त बन्देज तोकिदिन सक्नेछ ।

## परिच्छेद - ३
## <u>सहभागिता</u>

७. <u>कोषमा सहभागी हुने:</u> देहायका बचत तथा ऋणका विषयगत संस्थाहरू कोषमा सहभागी हुन सक्नेछन्:—

(क) दफा ३ बमोजिमको प्रारम्भिक भेलामा उपस्थित भएर कोष खडा गर्ने निर्णयमा हस्ताक्षर गरी प्रारम्भिक योगदानबापतको रकम जम्मा गरेका दफा ८ बमोजिम निर्धारित योग्यता पुगेका संस्थाहरू र

(ख) कोष खडा भएपछि दफा ९ बमोजिम सहभागी हुने संस्थाहरू ।

८. <u>सहभागिताको योग्यता:</u> (१) कोषमा सहभागी हुन देहायको योग्यता पुगेको संस्था हुनुपर्नेछ:—

(क) कम्तीमा पाँच आर्थिक वर्ष कार्यसञ्चालन गरी वार्षिक लेखापरीक्षण सम्पन्न गराएको,

(ख) तोकिएको समयभित्रै अघिल्ला दुई वर्षको वार्षिक साधारण सभाका बैठक सम्पन्न गरेको

(ग) कर्जा वर्गिकरण गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गरेको,

(घ) कुल सम्पतिको न्यूनतम पाँच प्रतिशत संस्थागत पुँजी रहेको,

(ङ) अघिल्ला दुई आर्थिक वर्षहरूमा घाटामा नगएको तथा सञ्चित घाटा नभएको,

(च) मन्त्रालयबाट स्वीकृत एकीकृत मानदण्डअनुसार उच्च जोखिममा नरहेको,

४

(छ) निवेदन दिँदाका बखत नियामक निकायको निगरानी सूचीमा नपरेको वा शीघ्र सुधार कारवाहीमा सूचीकृत नभएको र

(ज) विभागले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएको ।

(२) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सञ्चालन समितिले दुई दशमलव पाँच प्रतिशत भन्दामाथि संस्थागत पुँजी भएका संस्थालाई समेत तीन वर्षभित्र पाँच प्रतिशत संस्थागत पुँजी पुर्‍याउने शर्तमा सदस्यता दिन सक्नेछ ।

९. <u>सहभागिताका लागि निवेदन दिन सक्ने:</u> (१) कोषमा सहभागी हुन इच्छुक संस्थाले कोष सञ्चालन समितिले तोकेको ढाँचामा कोषमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदनसाथ दफा ८ मा उल्लेख भए बमोजिमको योग्यता पुगेको कागजपत्रसमेत संलग्न राख्नुपर्दछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर कोष सञ्चालन समितिले छानबिन गरी कोषमा त्यस्तो संस्थाको सहभागिता स्वीकृत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा निवेदक संस्थाको उपदफा (१) बमोजिमको योग्यता पुगेको सम्पुष्टि नभएकोमा वा जोखिमावस्थाको गणना वा अन्य कुनै तथ्य यकिन हुन नसकेमा कोष सञ्चालन समितिले स्थलगत जाँचसमेत गराउन सक्नेछ ।

(५) कोषमा संस्थाको सहभागिता स्वीकृतिसम्बन्धी अन्य कुरा कोष सञ्चालन समितिले तय गरे बमोजिम हुनेछ ।

१०. <u>सहभागिताको प्रमाणपत्र:</u> (१) दफा ९ को उपदफा (३) बमोजिम कोषमा सहभागिता स्वीकृत गरिएको संस्थालाई कोष सञ्चालन समितिले तोकेको ढाँचामा अध्यक्षले प्रमाणपत्र दिनेछ ।

(२) दफा ३ को उपदफा (२) को देहाय खण्ड (ग) बमोजिम प्रारम्भिक योगदानबापत कोषमा रकम जम्मा गरी सहभागी भएको संस्थालाई दफा ६ को उपदफा (२) बमोजिम कोष खडा भएको जानकारी प्राप्त भएपछि बसेको कोष सञ्चालन समितिको निर्णयानुसार उपदफा (१) बमोजिम प्रमाणपत्र दिनुपर्नेछ ।

११. <u>सूचना दिन सक्ने:</u> (१) दफा ८ को योग्यता नपुगी कुनै संस्था कोषमा सहभागी भएको जानकारी भएमा कोषमा सहभागी अन्य कुनै संस्थाले सो व्यहोरा उल्लेख गरी कोष सञ्चालन समितिलाई सूचना दिन सक्नेछ ।

५

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएकोमा वा अन्य कुनै तरिकाले त्यस्तो जानकारी प्राप्त गरेमा कोष सञ्चालन समितिले तत्सम्बन्धमा छानबिन गराउनुपर्नेछ ।

१२. <u>सहभागिता रद्द गर्न सक्ने</u>: (१) देहायको कुनै अवस्थामा कोष सञ्चालन समितिले सहभागी संस्थाको सहभागिता रद्द गर्न सक्नेछः—

(क) दफा ११ को उपदफा (२) बमोजिमको छानबिनबाट दफा ८ बमोजिमको कुनै योग्यता नपुगी कोषमा सहभागी भएको देखिएमा,

(ख) दफा २२ बमोजिम ताकेता पठाउँदा समेत कोषमा बुझाउनुपर्ने योगदानबापतको रकम वा तत्सम्बन्धी आधारप्रमाण दाखिला नगरेमा,

(ग) दफा ३० बमोजिम ताकेता पठाउँदा समेत कोषमा बुझाउनुपर्ने सापटी वा सेवा शुल्कबापतको रकम नबुझाएमा, र

(घ) लगातार दुई वर्षसम्म समयमा साधारण सभा सम्पन्न नगरेमा ।

(२) उपदफा (१) बमोजिम सहभागिता रद्द गर्नुअघि सम्बन्धित संस्थालाई सफाइ पेस गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (१) को देहाय खण्ड (ख) वा (ग) को अवस्थामा सहभागी संस्थाले सहभागिता रद्द हुनुअगावै कोषमा तिर्नु बुझाउनुपर्ने रकम ताकेता बमोजिमको म्याद सकिएको दिनपछि दाखिला गरेको अघिल्लो दिनसम्मको ब्याजसहित दाखिला गरेमा कोष सञ्चालन समितिले त्यस्तो संस्थाको सहभागिता कायमै राखिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको ब्याज दर पन्ध्र प्रतिशत हुनेछ ।

(५) उपदफा (१) बमोजिम सहभागिता रद्द गरिएको संस्थाले एक पूरा आर्थिक वर्ष व्यतीत भएपछि पुनः सहभागिताका लागि निवेदन दिन सक्नेछ ।

१३. <u>सहभागिता अन्त्य गर्न सक्ने</u>: (१) सहभागी संस्थाले साधारण सभाको दुई तिहाइ बहुमतबाट निर्णय गरी जुनसुकै बेला कोषमा सहभागिता अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहभागिता अन्त्य गरेको जानकारी सहभागी संस्थाले साधारण सभाको निर्णयको प्रमाणित प्रतिसहित कोष सञ्चालन समितिसमक्ष पठाउनुपर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि कोष सञ्चालन समितिले सहभागी संस्थाको सहभागिता अन्त्य गर्नुपर्नेछ ।

६

(३) उपदफा (१) बमोजिम सहभागिता अन्त्य भएको संस्थाले दुई पूरा आर्थिक वर्ष व्यतीत भएपछि पुनः सहभागिताका लागि निवेदन दिन सक्नेछ ।

१४. रकम फिर्ता नहुने: (१) दफा १२ बमोजिम सहभागिता रद्द वा दफा १३ बमोजिम सहभागिता अन्त्य भएकोमा सहभागी संस्थाले कोषमा जम्मा गरेको योगदानबापतको रकम फिर्ता हुने छैन ।

तर त्यस्तो संस्थाले कोषलाई सापटीबापत वा अन्य कुनै रकम तिर्नु, बुझाउनुपर्ने रहेछ भने संस्थाको योगदानबाट कट्टी गरी हिसाब मिलान गरिदिनुपर्नेछ ।

(२) दफा १२ को उपदफा (५) वा दफा १३ को उपदफा (३) बमोजिम पुनः सहभागिताका लागि दिएको निवेदन बमोजिम सहभागिता स्वीकृत गरिएको संस्थाको हकमा सहभागिता रद्द वा अन्त्य हुनु अगावै कोषमा गरेको योगदानको रकमसमेत सापटीको रकम निर्धारण प्रयोजनका लागि गणना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम गणना गर्दा उपदफा (१) बमोजिम हिसाब मिलान गरिएको भए हिसाब मिलान गरिएपछि बाँकी रहेको योगदान रकमको आधार लिनुपर्नेछ ।

१५. कोष सञ्चालन समितिको निर्णय अन्तिम हुने: कोषमा सहभागिता स्वीकृत वा रद्द गर्ने सम्बन्धमा कोष सञ्चालन समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ४
## स्रोत परिचालन

१६. कोषका स्रोतहरू: (१) कोषमा देहायको रकम जम्मा गरिनेछः—

(क) दफा ३ को उपदफा (२) को देहाय खण्ड (ग) बमोजिम सहभागी संस्थाहरूले प्रारम्भिक योगदानबापत जम्मा गरेको रकम,

(ख) कोषमा सहभागी संस्थाहरूबाट नियमावलीको नियम २७ को उपनियम (१) को देहाय खण्ड (छ) बमोजिम वार्षिक योगदानबापत प्राप्त हुने रकम

(ग) ऐनको दफा १०३ को उपदफा (२) बमोजिमका सहकारी संस्था र निकायको योगदानबापत प्राप्त हुने रकम,

(घ) नियमावलीको नियम ७४ को उपनियम (६) बमोजिम नेपाल सरकारले मन्त्रालयमार्फत उपलब्ध गराउने रकम,

(ङ) कोषको सापटी शुल्क, बैङ्क खाताको ब्याजलगायतको आम्दानीको रकम,

(च) कोषको सापटी फिर्ता वा खर्च शोधभर्नाबापत प्राप्त हुने रकम र

(छ) कोष परिचालनका क्रममा प्राप्त हुने अन्य कुनै रकम ।

(२) ऐनको दफा १०३ को उपदफा (२) बमोजिम अन्तर्राष्ट्रिय सहकारी संघहरुको योगदान रहने भएमा रकम जम्मा गर्नु पूर्व अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१७. **कोषको खाता:** (१) कोषको खाता अध्यक्ष र कोष प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी कोष सञ्चालन समितिले तोकेको राष्ट्रिय सहकारी बैङ्क वा 'क' वर्गको वाणिज्य बैङ्कमा कोषको नाममा खोल्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता खुलेलगत्तै दफा ३ को उपदफा (२) को देहाय खण्ड (घ) बमोजिमको खाता बन्द गरी सम्पूर्ण रकम कोषको खातामा सारी विभागमार्फत मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

१८. **कोषमा रकम जम्मा गर्नुपर्ने:** (१) सहभागी संस्थाले नियमावलीको नियम २७ को उपनियम (१) को देहाय खण्ड (छ) बमोजिमको रकम प्रत्येक वर्ष साधारण सभा सम्पन्न भएको साठी दिनभित्र कोषको बैङ्क खातामा दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेको जानकारी सोको बैङ्क भौचर र साधारण सभाबाट स्वीकृत वार्षिक लेखापरीक्षण प्रतिवेदनको प्रतिसमेत संलग्न राखी कोष प्रमुखलाई दिनुपर्नेछ ।

१९. **प्रारम्भिक योगदानबापतको रकम समायोजन गर्न सक्ने:** (१) सहभागी संस्थाले दफा ३ को उपदफा (२) को देहाय खण्ड (ग) बमोजिम प्रारम्भिक योगदानबापत जम्मा गरेको रकम दफा १८ को उपदफा (१) बमोजिम वार्षिक योगदानबापत जम्मा गर्नुपर्ने रकमबाट घटाएर बाँकी रकम मात्र वार्षिक योगदानबापत जम्मा गर्ने गरी समायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम समायोजन गरिएको विवरणसहितको जानकारी कोष प्रमुखलाई दिनुपर्नेछ ।

२०. **योगदानको अद्यावधिक विवरण पेस गर्नुपर्ने:** (१) कोष प्रमुखले सहभागी संस्थाले प्रारम्भिक र वार्षिक योगदानबापत कोषमा जम्मा गर्नुपर्ने रकमको अद्यावधिक विवरण कोष सञ्चालन समितिसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणमा दफा १९ बमोजिम प्रारम्भिक योगदानबापत सहभागी संस्थाले रकम समायोजन गरेको भए सोसमेत खुलाउनुपर्नेछ ।

८

(३) उपदफा (१) बमोजिम पेश हुन आएको सहभागी संस्थाको योगदानको अद्यावधिक विवरण यो कार्यविधि बमोजिम भए, नभएको हेरी सञ्चालक समितिले स्वीकृत गर्नुपर्नेछ ।

२१. <u>योगदान स्वीकृतिको जानकारी</u>: (१) कोष सञ्चालन समितिबाट दफा २० बमोजिमको अद्यावधिक विवरण स्वीकृत भएपछि कोष प्रमुखले सहभागी संस्थालाई वर्ष र रकम समेत खुलाएर योगदान स्वीकृतिको जानकारी पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी पठाउँदा सहभागी संस्थाले जम्मा गर्नुपर्ने रकम नपुग भएमा वा समायोजन गरेको रकम नमिलेमा वा जाँचको आधार प्रमाण प्राप्त नभएको कारण कोष सञ्चालन समितिले सहभागी संस्थाको योगदान स्वीकृत नभएकोमा कोष सञ्चालन समितिले निर्णय गरी तत्सम्बन्धी व्यहोरा जनाई नपुग रकम जम्मा गर्न वा आधार प्रमाण पठाउन पन्ध्र दिनको म्याद दिनुपर्नेछ ।

२२. <u>ताकेता पठाउने</u>: दफा ३ को उपदफा (२) को खण्ड (ग) को म्यादभित्र प्रारम्भिक योगदानबापतको रकम वा दफा १८ को उपदफा (१) बमोजिमको म्यादभित्र वार्षिक योगदानबापतको रकम जम्मा नगरेको वा दफा २१ को उपदफा (२) बमोजिम नपुग रकम वा आधार प्रमाण दाखिला नगरेको सहभागी संस्थालाई कोष सञ्चालन समितिले तोकेबमोजिमको समय दिई कोष प्रमुखले त्यस्तो रकम वा आधार प्रमाण दाखिला गर्न ताकेता पठाउनुपर्नेछ ।

## परिच्छेद - ५
## <u>कोषको उपयोग</u>

२३. <u>तरलता सापटी</u>: (१) ऐनको दफा १०३ को उपदफा (७) को देहाय खण्ड (क) बमोजिम सहभागी संस्थाको तरलता कायम राख्न कोषबाट देहायको सीमामा जुन घटी हुन्छ सोसम्म सापटी दिन सकिनेछ:—

(क) सम्बन्धित सहभागी संस्थाको योगदानको दश गुणा,

(ख) कोषको जम्मा स्रोतको दश प्रतिशत,

(ग) कोषमा तत्काल मौज्दात रहेको अप्रतिबद्ध रकमको बीस प्रतिशत र

(घ) निर्धारित सापटी आवश्यकताको एकसय प्रतिशत ।

(२) उपदफा (१) बमोजिमको तरलता सापटी सहभागी संस्थाको नगद प्रवाहअनुसार छ महिनासम्मको लागि हुनेछ ।

तर कोष सञ्चालन समितिले आवश्यक देखेमा तरलता सापटीको अवधि अर्को छ महिनासम्म थप गर्न सक्नेछ ।

२४. <u>दायित्व भुक्तानी सापटीः</u> (१) ऐनको दफा १०३ को उपदफा (७) को देहाय खण्ड (ग) बमोजिमको अवस्थामा महासङ्घले ऐनको दफा ११४ को देहाय खण्ड (घ) बमोजिम व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा महासङ्घलाई कोषबाट त्यस्तो सहभागी संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउने प्रयोजनका लागि देहायको सीमामा जुन घटी हुन्छ सोसम्म सापटी दिन सकिनेछः—

(क) सम्बन्धित सहभागी संस्थाको योगदानको बीस गुणा,

(ख) कोषको जम्मा स्रोतको बीस प्रतिशत,

(ग) कोषमा तत्काल मौज्दात रहेको अप्रतिबद्ध रकमको चालीस प्रतिशत र

(घ) निर्धारित सापटी आवश्यकताको एकसय प्रतिशत ।

(२) उपदफा (१) बमोजिमको दायित्व भुक्तानी सापटीको अवधि सहभागी संस्थाको दायित्वको प्रकृतिअनुसार चार बर्षसम्मको हुनेछ ।

तर कोष सञ्चालन समितिले आवश्यक देखेमा दायित्व भुक्तानी सापटीको अवधि अर्को दुई वर्षसम्म थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउनको लागि महासङ्घले केन्द्रीय विषयगत सङ्घको सहयोग लिन सक्नेछ ।

(४) महासङ्घले दायित्व भुक्तानी सापटीको अवधिभित्र कोष सञ्चालन समितिले स्वीकृत गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन प्रस्तावमा निर्धारण गरिएबमोजिम दायित्व भुक्तानी सापटी फिर्ता गर्नुपर्नेछ ।

(५) उपदफा (५) बमोजिम फिर्ता गर्नुपर्ने रकम सहभागी संस्थाको जायजातको अवस्था हेरी "दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण" भनी कायम गर्न सकिनेछ ।

(६) कोष सञ्चालन समितिले दायित्व भुक्तानी सापटी स्वीकृत गर्दा ऐनको दफा १०५ बमोजिमको व्यवस्थापन समितिको परामर्श लिन सक्नेछ ।

२५. <u>पुनर्सञ्चालन खर्च सापटीः</u> (१) सहभागी संस्था समस्याग्रस्त भएको खण्डमा ऐनको दफा १०३ को उपदफा (७) को देहाय खण्ड (ख) बमोजिम व्यवस्थापन समितिको खर्च व्यहोर्न व्यवस्थापन

१०

समितिलाई वा महासङ्घले ऐनको दफा ११४ को देहाय खण्ड (घ) बमोजिम व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी गरी पुनर्सञ्चालनमा ल्याउने सिलसिलामा लाग्ने प्रशासनिक खर्चवापत ऐनको दफा १०३ को उपदफा (७) को देहाय खण्ड (ग) बमोजिम महासङ्घलाई कोषबाट देहायको सीमामा जुन घटी हुन्छ सोसम्म सापटी दिन सकिनेछ:-

(क) सम्बन्धित सहभागी संस्थाको योगदानको दुई गुणा,

(ख) कोषको जम्मा स्रोतको दुई प्रतिशत,

(ग) कोषमा तत्काल मौज्दात रहेको अप्रतिबद्ध रकमको चार प्रतिशत र

(घ) निर्धारित पुनर्सञ्चालन खर्च आवश्यकताको असी प्रतिशत ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापन समितिको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) उपदफा (१) बमोजिमको पुनर्सञ्चालन खर्च सापटी कोष सञ्चालन समितिले स्वीकृत गरेको अवधिभित्र व्यवस्थापन समितिले पेस गरेको समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन प्रस्ताव वा महासङ्घले पेस गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन कार्ययोजनासहितको प्रस्तावमा निर्धारण गरिएबमोजिम व्यवस्थापन समिति वा महासङ्घको तर्फबाट शोधभर्ना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम फिर्ता गर्नुपर्ने रकम समस्याग्रस्त सहभागी संस्थाको जायजेथाको अवस्था हेरी "दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण" भनी कायम गर्न सकिनेछ ।

२६. <u>सापटी मागपत्र:</u> (१) तरलता सापटीका लागि सहभागी संस्थाले, दायित्व भुक्तानी सापटीका लागि महासङ्घले र पुनर्सञ्चालन खर्च सापटीका लागि महासङ्घ वा व्यवस्थापन समितिले कोष सञ्चालन समितिमा समितिले तोकेको ढाँचामा देहायको कागजपत्र संलग्न गरी मागपत्र पेस गर्न सक्नेछ ।

(क) सहभागी संस्था वा महासङ्घको समिति र व्यवस्थापन समितिको हकमा व्यवस्थापन समितिको सापटीको रकम, अवधि र माग गर्नुपर्नाको औचित्यसमेत खुलेको निर्णयको प्रतिलिपि,

(ख) दायित्व भुक्तानी सापटीको हकमा ऐनको दफा ११४ को देहाय खण्ड (घ) बमोजिम व्यवस्थापन समितिले समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी दिएको

११

आधारप्रमाणका साथै त्यस्तो जिम्मेवारी दिँदा कुनै शर्तबन्देज राखिएको भए सोको प्रतिलिपि एवं समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन कार्ययोजनासहितको प्रस्ताव,

(ग) पुनर्सञ्चालन खर्च सापटीको हकमा व्यवस्थापन समिति भए समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन प्रस्ताव र महासङ्घ भए ऐनको दफा ११४ को देहाय खण्ड (घ) बमोजिम व्यवस्थापन समितिले समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी दिएको आधारप्रमाणका साथै त्यस्तो जिम्मेवारी दिँदा कुनै शर्तबन्देज तोकिएको भए सोको प्रतिलिपि एवं समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन कार्ययोजनासहितको प्रस्ताव,

(घ) महासङ्घ र केन्द्रीय विषयगत सङ्घबीच दफा २४ को उपदफा (४) बमोजिमको सहयोगका सम्बन्धमा कुनै समझदारी गरिएको भए समझदारीपत्रको प्रतिलिपि,

(ङ) सहभागी संस्थाको पछिल्लो वार्षिक लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(च) उपलब्ध हुनेमा सहभागी संस्थाको अद्यावधिक हिसाब परीक्षासूची (ट्रायल ब्यालेन्स) र

(छ) कोष सञ्चालन समितिले तोकेको अन्य विवरण वा सम्पुष्टिजनक कागतपत्र ।

२७. सापटी स्वीकृत गर्ने: (१) दफा २६ बमोजिम प्राप्त मागपत्र उपर कोष सञ्चालन समितिले आवश्यक छानबिन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा मागपत्रको कुनै कुराको सम्पुष्टि नभएकोमा वा पेश भएको कुनै तथ्य यकिन हुन नसकेकोमा कोष सञ्चालन समितिले तत्सम्बन्धमा बुझ्न, थप विवरण वा सम्पुष्टिजनक कागतपत्र माग गर्न वा स्थलगत जाँचसमेत गराउन सक्नेछ ।

(३) कोष सञ्चालन समितिले ऐन, नियमावली र यस कार्यविधिको अधीनमा रही छानबिनबाट उपयुक्त ठहऱ्याएको सीमासम्म सापटी स्वीकृत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सापटी स्वीकृत गर्दा अधिकतम सीमा तोकी सो सीमासम्मको रकम आवश्यकताअनुसार उपयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सञ्चालन समितिले कोषमा नियमावलीको नियम ७४ को उपनियम (४) बमोजिम न्यूनतम मौज्दात नरहेको वा सोही नियमको उपनियम (५) बमोजिम छ महिनाभित्र न्यूनतम मौज्दात कायम हुने गरी कोषमा थप योगदान प्राप्त हुने सुनिश्चित नभएकोमा वा सहभागी संस्थाको जरुरतका आधारमा निर्धारित प्राथमिकता क्रमको विचार गरी कुनै वा सबै मागपत्र तत्काल स्वीकृत नगर्न सक्नेछ ।

१२

(६) उपदफा (३) बमोजिम सापटी स्वीकृत गर्दा कोष सञ्चालन समितिले त्यस्तो सापटीको प्राप्ति, उपयोग, फिर्ता वा शोधभर्ना, सहभागी संस्था वा महासङ्घले पालना गर्नुपर्ने मानक एवं प्रतिवेदनका सम्बन्धमा मनासिब शर्तबन्देज तोक्न सक्नेछ ।

(७) सापटी स्वीकृतिसम्बन्धी अन्य कुरा कोष सञ्चालन समितिले तय गरेबमोजिम हुनेछ ।

२८. <u>सम्झौता गर्नुपर्ने:</u> कोषबाट सापटी प्रदान गर्दा कोष सञ्चालन समितिले तोकेको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

२९. <u>सापटी सेवा शुल्क:</u> (१) कोषबाट प्रदान गरिने तरलता सापटीमा वार्षिक एक प्रतिशत ननाघ्ने गरी र दायित्व भुक्तानी सापटीमा वार्षिक शून्य दशमलव पाँच प्रतिशत ननाघ्ने गरी कोष सञ्चालन समितिले तोकेबमोजिम सेवा शुल्क लाग्नेछ ।

तर पुनर्सञ्चालन खर्च सापटीमा कुनै सेवा शुल्क लाग्ने छैन ।

(२) सेवा शुल्क गणना गर्दा स्वीकृत सीमाबाट उपयोग गरिएको रकम र अवधिको मात्र आधार लिनुपर्नेछ ।

३०. <u>सापटी फिर्ता गर्नुपर्ने:</u> (१) कोषबाट प्रदान गरिएको सापटी सम्झौताको सर्तबमोजिम सेवा शुल्क लाग्नेमा सेवा शुल्कसहित फिर्ता गर्नुपर्नेछ ।

(२) निर्धारित अवधिभित्र सापटी वा सेवा शुल्कबापतको रकम नबुझाएकोमा कोष सञ्चालन समितिको निर्णयानुसारको समय दिई कोष प्रमुखले त्यस्तो रकम बुझाउन निश्चित अवधि तोकी ताकेता गर्नुपर्नेछ ।

३१. <u>सापटी दुरुपयोग गर्न नहुने:</u> (१) कोषबाट प्रदान गरिएको सापटी जुन प्रयोजनका लागि प्रदान गरिएको हो सो बाहेकको अन्य कुनै प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(२) स्वीकृत सापटीको रकम पूरै वा आंशिक रूपमा प्रदान गरिएको प्रयोजनमा आवश्यक नहुने देखिएको खण्डमा तुरुन्त रकम नलगिएको भए सीमा घटाइदिन र रकम लगिएको भए अतिरिक्त रकम फिर्ता गरी सीमा समेत घटाइदिन कोष सञ्चालन समितिमा निवेदन दिनुपर्नेछ ।

(३) कोष सञ्चालन समितिले उपदफा (२) को प्रयोजनका लागि निवेदनको ढाँचा तोक्न सक्नेछ ।

३२. <u>मिन्हा दिन सक्ने:</u> (१) कोषबाट प्रदान गरिएको दायित्व भुक्तानी सापटी वा पुनर्सञ्चालन खर्च सापटी वा सेवा शुल्कको रकम नियमावलीको नियम ७४ को उपनियम (९) बमोजिम फिर्ता हुन सक्ने अवस्था नरहेको खण्डमा कोष सञ्चालन समितिले मिन्हा दिन सक्नेछ ।

१२

तर त्यसरी मिन्हा दिनुअघि त्यस्तो सापटी वा सेवा शुल्कको रकम फिर्ता, शोधभर्ना वा प्राप्त हुन सक्ने अवस्था रहे, नरहेको भन्ने सम्बन्धमा यकिन गर्न उपसमिति गठन गरी सो उपसमितिबाट आधारप्रमाणसहितको प्रतिवेदन लिनुपर्नेछ ।

३३. <u>नेपाल सरकार वा नेपाल राष्ट्र बैङ्कको धितोपत्र किन्न सक्ने:</u> देहायको अवस्थामा कोष सञ्चालन समितिले निर्णय गरेको अनुपात ननाघ्ने गरी कोषको रकमबाट नेपाल सरकारको बचतपत्र, विकास ऋणपत्र वा नेपाल राष्ट्र बैङ्कको ट्रेजरी बिललगायतको धितोपत्र किन्न सकिनेछ:—

(क) सहभागी संस्थाको सापटी मागको क्रम हेरी कोषको तरलता बढी रहेको,

(ख) नियमावलीको नियम ७४ को उपनियम (४) बमोजिमको न्यूनतम मौज्दात कायम हुने र

(ग) नियमावलीको नियम ७४ को उपनियम (७) बमोजिम नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने रकम नभएको ।

## परिच्छेद - ६
## <u>कार्यव्यवस्था</u>

३४. <u>कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार:</u> (१) ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:—

(क) मन्त्रालयको स्वीकृतिमा कोष सञ्चालनका लागि अन्य आवश्यक कार्यविधिहरू बनाउने,

(ख) कोषको स्रोत परिचालन योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) कोषको कार्यविशेषमा उपसमिति गठन गरी प्रतिवेदन लिने तथा निर्देशन दिने,

(घ) कोषका सरोकारवालाहरू बीच सहकार्य तथा समन्वय गर्ने,

(ङ) लेखापरीक्षक नियुक्त गर्ने,

(च) वार्षिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका त्रुटी सुधार एवं बेरुजु फछ्र्यौट गर्ने, गराउने,

(छ) मन्त्रालयको स्वीकृति लिई समान उद्देश्य भएका अन्तर्राष्ट्रिय वा वैदेशिक निकाय वा विकास साझेदारहरूसँग अनुभव आदानप्रदान एवं सहयोग प्रवर्धन गर्ने,

१४

(ज) विभागबाट स्वीकृत प्रमाणीकरण प्रणालीसमेतका आधारमा सहभागी संस्थाहरूको वित्तीय जोखिमावस्थाको निरन्तर जानकारी राखी तदनुसार सम्भावित समस्या टार्न सम्बन्धित सहभागी संस्थासँगको परामर्शमा तय भएबमोजिम तरलता सापटी व्यवस्थालगायतका निरोधात्मक उपायहरू अपनाउन पहल लिने,

(झ) कोषमा सहभागी नभएका संस्थाहरूलाई सहभागी हुन अभिप्रेरित गर्ने गरी प्रवर्धनात्मक कार्य सञ्चालन गर्ने,

(ञ) उपसमिति, अध्यक्ष वा कोष प्रमुखलाई आवश्यकताअनुसारको अधिकार प्रत्यायोजन गर्ने,

(ट) मन्त्रालयबाट दिइएका निर्देशनको कार्यान्वयन गर्ने, गराउने र

(ठ) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

३५. <u>कोष सञ्चालन समितिको बैठकः</u> (१) कोष सञ्चालन समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

तर दुई बैठकबीचको अवधि साधारणतया चार महिनाभन्दा बढी हुने छैन ।

(२) कोष सञ्चालन समितिको बैठक अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा मन्त्रालयको प्रतिनिधि सदस्यले बोलाउनेछ ।

(३) कोष सञ्चालन समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा मन्त्रालयको प्रतिनिधि सदस्यले र मन्त्रालयको प्रतिनिधि सदस्य पनि अनुपस्थित रहेकोमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(४) कोष सञ्चालन समितिको बैठकको गणपूरक सङ्ख्या एकाउन्न प्रतिशत हुनेछ र बैठकले उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गर्नेछ ।

तर दफा २३,२४,२५ र २७ बमोजिम सापटी स्वीकृत गर्ने कोष सञ्चालक समितिको बैठकमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकका प्रतिनिधिको अनिवार्य उपस्थितिमा मात्र निर्णय हुन सक्नेछ ।

(५) बैठकको कार्यविधि कोष सञ्चालन समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

३६. <u>कार्यसञ्चालनः</u> (१) कोषको कामकारोबार कोषको नाममा सञ्चालन हुनेछ ।

(२) कोषको कार्यालय केन्द्रीय विषयगत सङ्घमा रहनेछ ।

(३) कोष सञ्चालन समितिले कोषको कार्यसञ्चालनका लागि कोष प्रमुख र आवश्यक अन्य कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

१५

(४) उपदफा (३) बमोजिम नियुक्ति नभएसम्म केन्द्रीय विषयगत सङ्घको कार्यकारी प्रमुखले नै कोष प्रमुखको रूपमा कार्य गर्नेछ र कोषलाई आवश्यक अन्य कर्मचारीसमेत केन्द्रिय विषयगत सङ्घले व्यवस्था गर्नेछ ।

(५) कोषको कामकारोबारसम्बन्धी अन्य व्यवस्था कोष सञ्चालन समितिले स्वीकृत गरेबमोजिम हुनेछ ।

३७. <u>व्यवस्थापन खर्च:</u> (१) कोषको आम्दानी नभएसम्म कोष सञ्चालन समितिको खर्चलगायत कोष सञ्चालन खर्च केन्द्रीय विषयगत सङ्घले व्यहोर्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्रीय विषयगत सङ्घबाट बेहोरिएको खर्चमध्ये सो सङ्घको वार्षिक लेखापरीक्षण प्रतिबेदनसमेतका आधारमा कोष सञ्चालन समितिले प्रमाणित गरेसम्मको खर्च नियमावलीको नियम ७४ को उपनियम (९) बमोजिम कोषको आम्दानीबाट तोकिएको सीमाको रकमबाट शोधभर्ना दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोष व्यवस्थापन खर्चमा नेपाल सरकारले कुनै खर्च व्यहोर्ने छैन ।

३८. <u>लेखापालन:</u> कोषको आर्थिक कारोबारको लेखापालन ऐनको दफा ७४ बमोजिम गर्नुपर्नेछ ।

३९. <u>लेखापरीक्षण:</u> (१) प्रत्येक आर्थिक वर्षको कोषको लेखापरीक्षण सो आर्थिक वर्ष व्यतीत भएको तीन महिनाभित्र कोष सञ्चालन समितिबाट नियुक्त ऐनबमोजिम योग्यता पुगेको इजाजतप्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ ।

(२) लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र लेखापरीक्षण प्रतिवेदन विभाग र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७
## <u>विविध</u>

४०. <u>प्रमाणीकरण प्रणालीमा आवद्ध हुनुपर्ने:</u> सहभागी संस्था कोषमा सहभागी भएको एक वर्षभित्र विभागले स्वीकृत गरेको वा मान्यता दिएको प्रमाणीकरण प्रणालीमा आवद्ध हुनुपर्नेछ ।

४१. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> कोष सञ्चालन समितिले प्रत्येक आर्थिक वर्ष व्यतीत भएको चार महिनाभित्र कोषको कामकारोबार र वित्तीय अवस्थाको विवरणसहितको वार्षिक प्रतिवेदन विभागमार्फत मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

१६

४२. निरीक्षण गर्न तथा निर्देशन दिन सक्ने: (१) मन्त्रालयले जुनसुकै बखत कोषको काम—कारोबारको निरीक्षण गर्न वा विभागबाट निरीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण प्रतिवेदन वा दफा ४१ बमोजिम प्राप्त प्रतिवेदनका आधारमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

४३. गोपनीयता कायम राख्नुपर्ने: (१) कोषको प्रयोजनका लागि सहभागी संस्थाहरूबाट प्राप्त वित्तीय विवरणहरू र सोको सम्पुष्टिजनक कागतपत्रसमेतको गोपनीयता कायम राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका विवरण वा कागजपत्र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को देहाय खण्ड (ग) अन्तर्गत मानिनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम अदालत वा अधिकारप्राप्त निकाय वा अधिकारीबाट त्यस्तो कानुनको प्रयोजनार्थ लिखित आदेश वा पत्रबाट माग भइआएको विवरण वा कागजपत्र कोष प्रमुखको स्वीकृति लिई उपलब्ध गराउन बाधा पर्ने छैन ।

४४. वार्षिक परामर्श बैठक: (१) कोष सञ्चालन समितिले प्रत्येक आर्थिक वर्ष व्यतीत भएको छ महिनाभित्र सहभागी संस्थाहरूसँग परामर्श बैठक राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परामर्श बैठकमा सहभागी संस्था, ऐनको दफा १०३ को उपदफा (२) बमोजिम कोषमा योगदान गर्ने सहकारी संस्था वा निकाय र अन्य सरोकारवालाहरू सहभागी हुनेछन् ।

(३) परामर्श बैठकमा अध्यक्षले कोष सञ्चालन समितिका तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेछ ।

(४) कोष सञ्चालन समितिले परामर्श बैठकका सहभागीहरूबाट प्राप्त सबै उपयुक्त सुझावहरू कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) अध्यक्षले परामर्श बैठकको छलफलको व्यहोरा एवं निर्णयसहितको प्रतिवेदन विभागमार्फत मन्त्रालयमा पठाउनुपर्नेछ ।

४५. व्याख्या गर्ने अधिकार: यो कार्यविधिको व्याख्या गर्ने अधिकार मन्त्रालयमा रहनेछ ।

१७

# आ.ब. २०७९/०८० मा योगदान गर्ने नयाँ सहकारी संस्थाको विवरण

| क्र.स. | स.द.नं. | विवरण | कुल जम्मा |
|---|---|---|---|
| १ | ४१५८ | राधाश्वामी साकोस, काठमाडौं | १३५७११ |
| २ | १९८ | पद्मावती साकोस, ललितपुर | ७३१९१३.५३ |
| ३ | ३२१३ | श्री पञ्चामृत साकोस, ललितपुर | ६५०४८ |
| ४ | ११४८ | गृहिणी सेवा साकोस, काठमाडौं | २३०४५२ |
| ५ | १०३९ | जय मनकामना साकोस, कास्की | ५१००० |
| ६ | १२६ | लेटाङ साकोस, मोरङ | ३९२००० |
| ७ | ५४ | जनसेवा साकोस, कास्की | १२७००० |
| ८ | १०८९ | हातेमालो साकोस, मकवानपुर | ५५१०२१.९२ |
| ९ | २३९० | हितैषी साकोस, कास्की | १५०००० |

नोट:

**नोट:**

नोट:

नोट:


PREMIUM


प्रथम वार्षिक परामर्श बैठक
1st ANNUAL CONSULTATION MEETING OF SACCOS STABILIZATION FUND
२०७७ पौष २९ गते, बुधबार (13th January, 2021) नयाँ बानेश्वर, काठमाडौं
नेफस्कून





स्थिरीकरण कोषको औपचारिक खडा भएको अवसरमा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय श्री शशी श्रेष्ठज्यूबाट
मिति २०७९ जेठ २७ गते सम्बोधन